# खरखरे सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक तथाशैक्षिक अवस्थामा पुऱ्याएको योगदान, पृथ्वीनगर गा.वि.स., झापा

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा
स्नाकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता
कमला बास्कोटा
रोल नं. १३२६
सिम्बोल नं. २८१९३१/२०६९
त्रि.वि. दर्ता नं. ९-२-५८६-३५-२००८
भर्ना वर्ष : २०६९

शिक्षाशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय क्याम्पस
अर्थशास्त्र शिक्षा विभाग,
कीर्तिपुर, काठमाडौं
२०७२

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र संकाय**
**TRIBHUVAN UNIVERSITY**
**FACULTY OF EDUCATION**
**CENTRAL DEPARTMENT OF EDUCATION**

विश्वविद्यालय क्याम्पस
कीर्तिपुर, काठमाडौं, नेपाल
फोन नं : ४३३१३३७
University Campus
Kirtipur, Kathmandu, Nepal
Tel: 4331337

पत्र संख्या : मिति : ..........
Ref: Date: ………..

# सिफारिस पत्र(RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र विषय अन्तर्गत स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि “खरखरे सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान (पृथ्वीनगर गा.वि.स., झापा जिल्लाको एक अध्ययन)” शीर्षकको शोधपत्र कमला बास्कोटाले मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । वहाँले तयार गर्नुभएको यो शोधपत्र प्रति म पूर्ण सन्तुष्ट छु । वहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै आवश्यक मूल्याङ्कन सहित अनुमोदनका लागि प्रस्तुत शोधपत्र मूल्याङ्कन सहित अनुमोदनका लागि प्रस्तुत शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.......................
प्रा.डा. महेशराज दाहाल
(शोध निर्देशक)
अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग
विश्वविद्यालय क्याम्पस
त्रि.वि., कीर्तिपुर

# स्वीकृति पत्र(APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको आशिंक आवश्यकता परिपूर्तिको लागि कमला बास्कोटाद्वारा प्रस्तुत "खरखरे सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान (पृथ्वीनगर गा.वि.स., झापा जिल्लाको एक अध्ययन)" शीर्षकको शोधपत्रमा अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिको लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१) विभागिय प्रमुख ........................

उप्र.प्रा. मिनराज पौडेल

२) वाह्य सुपरिवेक्षक ........................

प्रा.डा ध्रुवराज शिवाकोटी

३) शोधनिर्देशक ........................

प्रा.डा. महेशराज दाहाल

मिति :

**कृतज्ञताज्ञापन(ACKNOWLEDGEMENT)**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आशिंक परिपूर्तिको लागि "खरखरे सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान (पृथ्वीनगर गा.वि.स., झापा जिल्लाको एक अध्ययन)" शीर्षकको शोधपत्र तयार पारेको छु । सर्वप्रथम मेरो शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सु-अवसर प्रदान गरिदिनु हुने अर्थशास्त्र शिक्षा विभागका प्रा.डा. महेशराज दाहाल ज्यूप्रति सदा आभारी छु । यस शोधपत्रले यस क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता, नीतिनिर्मातालाई यो अध्ययनले सहयोग पुग्नेछ भन्ने मैले आशा लिएको छु ।

प्रस्तुत शोधपत्र लेखन कार्यका लागि आफ्नो व्यस्त समयका बावजुद पनि सरल र सहज ढंगले अमूल्य सुझाव, सल्लाह, प्रेरणा र कुशल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहुने आदरणीय गुरु तथा शोधनिर्देशक प्रा.डा. महेशराज दाहाल तथा अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुवर्गहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई मेरो जीवनका हरेक क्षणमा प्रेरणा, प्रोत्साहन र सुझाव सल्लाह दिई विश्वविद्यालय सम्मको अध्ययन पुरा गर्न आर्शिवाद प्रदान गर्नुहुने पूजनीय बुवा देविप्रकाश वास्कोटा तथा आमा देविमाया वास्कोटा, दाजु सुरेन्द्र बास्कोटा, भाउजु चन्द्रा वास्कोटा, दिदिहरू वर्षा बास्कोटा र चन्द्रमाया वास्कोटा प्रति आभार प्रकट गर्न चाहन्छु । यस शोधपत्र तयार गर्दा सहयोग गर्नुहुने मित्रहरूनारायण काफ्ले, कृष्ण अर्याल, यज्ञप्रसाद रेग्मी, देव गैरे लगायतका सम्पूर्ण साथीहरूलाई पनि म धन्यवाद प्रकट गर्न चाहन्छु । खरखरे सामुदायिक वन समितिका सचिव सोममाया तामाङ्ग लगायतको कार्यसमितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा कम्प्युटर टाइपिङ छिटोछरितो र प्रिन्ट गर्न सहयोग गर्नुहुने बालकुमारी स्टेशनरी एण्ड फोटोकपी सर्भिस, पाँगाका-१२, सुनेश श्रेष्ठ प्रति धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०७२, माघ

कमला बास्कोटा

शोधकर्ता

# सारसङ्क्षेप(ABSTRACT)


खरखरे सामुदायिक वन अन्तर्गत झापा जिल्लाको पृथ्वीनगर गा.वि.स.मा रहेको सामुदायिक वनको समितिका स्थानीय उपभोक्ताहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान पत्ता लगाउनु रहेको छ ।

उक्त उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक ढाँचाको माध्यमबाट प्राथमिक र द्वितीय तथ्याङ्कलाई सङ्कलन गर्न दुई प्रकारका प्रश्नावली छनोटमा परेका उपभोक्ता र वन समितिका उपभोक्ताहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । जम्मा २,९११ घरधुरीबाट १५० घरधुरी नमुना छनौट गरी उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएका छ । द्वितीय तथ्याङ्क स्रोतमा पृथ्वीनगर गा.वि.स. कार्यालय वन विभाग, सामुदायिक वनको वार्षिक प्रतिवेदन साथै प्रकाशित कृतिहरू शोधपत्र तथा प्रकाशित पुस्तक पत्रपत्रिका लेख रचना आदिलाई द्वितीय तथ्याङ्कको स्रोतको रुपमा लिइएको छ ।

खरखरे सामुदायिक वन २०६० सालमा दर्ता भई सञ्चालन भएको थियो । यस वनले ओगटेको क्षेत्रफल २०१.६ हेक्टर रहेको छ । यस वनको कुल आम्दानी रु. १७,३६,०००/- र कुल खर्च रु. १३,२९,०५०/- रहेको पाइन्छ । यस सामुदायिक वनको आम्दानीको स्रोतहरूमा साखु गोलिया विक्रीबाट ३३.१८ प्रतिशत, कुकाठ विक्रीबाट १८.१५ प्रतिशत, गुड्का दाउरा विक्रीबाट १४.४० प्रतिशत, निवेदन दस्तर, फारम दस्तुरउपभोक्ता दस्तर, ट्याक्टर ढुवानी, विविध आयमा क्रमशः ३.१६, ८.६४, ६.४९, ९.७९ र ५.१८ प्रतिशत रहेको छ ।

यस सामुदायिक वनले सामाजिक क्षेत्रमा ३९.१२ प्रतिशत आर्थिक क्षेत्रमा ३८.२६ प्रतिशत र शैक्षिक क्षेत्रमा २२.६१ प्रतिशत खर्च गरेको छ ।

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका घर परिवारको आर्थिक अवस्था हेर्दा रु. ४,१९,५०,०००/- जम्मा वार्षिक खर्च,रु. ५,४१,८०,०००/- वार्षिक आम्दानी रु. १,२२,३०, ०००/- वार्षिक वचत रहेको पाइयो । औषतमा हेर्दा वार्षिक खर्च रु. २,७९,६६६.६, वार्षिक आम्दानी रु. ३, ६१, २०० रहेको छ ।

# विषयसूची(TABLE OF CONTENTS)


**सिफारिस पत्र (Recommendation Letter)** **i**

**स्वीकृति पत्र (Approval Letter)** **ii**

**कृतज्ञताज्ञापन(Acknowledgement)** **iii**

**शोधसार (Abstract)** **iv**

**विषयसूची (Table of Contents)** **v-viii**

**तालिका सूची (List of Table)** **ix-x**

**संक्षिप्त शब्दावली(Abbreviation)** **xi**

**अध्याय एक(CHAPTER ONE)** **१–१३**

१. परिचय(Introduction) १

१.१ अध्ययनको पृष्ठभूमि(Background of the Study) १

१.२ समस्याको कथन(Statement of the Problems) ६

१.३ अध्ययनको उद्देश्य(Objective of the Study) ९

१.४ अनुसन्धान प्रश्नहरू(Research Quesitons) १०

१.५ अध्ययनको महत्त्व(Significance of the Study) १०

१.६ अध्ययनको सीमा(Limitation of the Study) १२

१.७ अध्ययनको संगठन(Organization of the Study) १२

१.८ मुख्य शब्दावलीहरूको कार्यात्मक परिभाषा(Operational Definition of Terms) १३

**अध्याय दुई(CHAPTER TWO)** **१४–१८**

२. सम्बन्धित साहित्यको पूनरावलोकन(Review of Related Literature) १४

२.१ पूर्व साहित्यको पुनरावलोकन(Review of Literature) १४

२.२ कार्यात्मक संरचना(Functional Framework) १८

**अध्याय तीन(CHAPTER THREE)** **१९–२५**

३. अनुसन्धान विधि र तौरतरिका(Methodology and Producers of the Study) १९

३.१ अध्ययन ढाँचा र विधि(Design and Method of the Study) १९

३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू(Sources of Data Collection) १९

३.२.१ प्राथमिक स्रोत(Primary Source) २०

३.२.२ द्वितीय स्रोत(Secondary Sources) २०

३.३ जनसङ्ख्या, नमूना, आकार र नमुना छनौट रणनीति(Population, Sample Size and Sampling Strategy) २०

३.३.१ जनसङ्ख्या(Population) २०
३.३.२ नमुनाको आकार(Sample Size) २१
३.३.३ नमुना छनौट(Sampling Strategy) २१
३.४ तथ्याङ्क सङ्कलनका साधनहरू(Data Collection Tools) २२
३.४.१ प्रश्नावली (Questionnaire) २३
३.४.२ अवलोकन फारम (Observation Form) २३
३.४.३ छलफल निर्देशिका (Discussion Guide) २३
३.५ तथ्याङ्क सङ्कलन प्रविधि(Techniques of Data Collection) २३
३.५.१ अन्तर्वार्ता (Interview) २३
३.५.२ प्रत्यक्ष अवलोकन (Direct Observation) २४
३.५.३ लक्षित समूह छलफल (Focused Group Discussion) २४
३.६ अध्ययन क्षेत्र (Study Area) २४
३.७ तथ्याङ्क विश्लेषणको तौरतरिका (Data Analysis and Interpretation) २५
**अध्याय चार(CHAPTER FOUR) २६–६०**
४. परिणामको विश्लेषण र प्रस्तुतीकरण (Analysis and Interpretation of the Result) २६
४.१ अध्ययनको क्षेत्रको परिचय(Introduction of the Study Area) २६
४.१.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District) २६
४.१.१.१ भौगोलिक स्थिति (Geographical Situation) २८
४.१.१.२ भू-उपयोग (Land Utilization) २९
४.१.१.३ शैक्षिक अवस्था (Educational Status) २९
४.१.१.४ पेशागत अवस्था (Occupational Condition) ३१
४.१.२ पृथ्वीनगरगा.वि.स.को परिचय (Introduction of Prithivinagar VDC) ३२
४.१.२.१ सामाजिक स्वरूप एवम् धार्मिक सम्पदा (Social Design and Religious Treasure) ३२
४.१.२.२ शिक्षा र संस्कृति(Education and Culture ) ३३
४.१.२.३ आर्थिक स्रोत(Economical Sources ) ३३
४.१.२.४ स्वास्थ्य चौकी(Health Post) ३४
४.१.२.५ सीमा प्रहरी चौकी(Boarder Police Station) ३४
४.१.२.६ खानेपानी अवस्था(Condition of Drinking Water) ३४
४.१.२.७ साना किसान सहकारी(Small Farmer Co-operative) ३५

४.२ नमुना छनौटमा परेका उपभोक्ताको जनसांख्यिकीय अवस्था (Demographical Condition of Sampled Forest User) ३६
४.२.१ जातीगत जनसङ्ख्या (Castwise Population) ३७
४.२.२ पेशागत संरचना (Occupation Structure) ३८
४.२.३ उमेरगत जनसङ्ख्या (Agewise Population) ३९
४.२.४ शिक्षा (Education) ४०
४.२.५ बजार (Market) ४१
४.३ खरखरे सामुदायिक वनको वर्तमान अवस्था (Current Situation of Community Forest) ४१
४.३.१ खरखरे सामुदायिक वनले ओगटेको क्षेत्रफल (Area of Kharkhare Community Forest) ४१
४.३.२ खरखरे सामुदायिक वनमा रोजगारीको अवस्था (Employment condition of Kharkhare Community Forest) ४२
४.३.३ खरखरे सामुदायिक वनका वर्तमान कार्यक्रमहरू(Present Programme of Kharkhare Communit forest) ४२
४.३.४ सामुदायिक वनका भावि कार्यक्रमहरू(Future Programme of Kharkhare Community Forest) ४३
४.३.५ खरखरे सामुदायिक वनको आर्थिक अवस्था (Economical Condition of Kharkhare Community Forest) ४४
४.३.५.१ खरखरे सामुदायिक वनको वार्षिक स्रोतगत आम्दानी (Source wise Annual Income of Kharkhare Community Forest) ४४
४.३.५.२ खरखरे सामुदायिक वनको वार्षिक खर्च विवरण (Yearly Expenditure of Kharkhare Community Forest) ४६
४.३.५.३ खरखरे सामुदायिक वनको वार्षिक वचत विवरण (Yearly Saving of Kharkhare Community Forest) ४६
४.३.६ खरखरे सामुदायिक वनको क्षेत्रगत खर्च (Sector Wise Expenditure of Kharkhare Community Forest) ४७
४.३.६.१ खरखरे सामुदायिक वनले सामाजिक क्षेत्रमा गरेको खर्च (Expenditure of Kharkhare Community Forest on Social Sector) ४७
४.३.६.२ खरखरे सामुदायिक वनले आर्थिक क्षेत्रमा गरेको खर्च (Expenditure of Kharkhare Community Forest on Economic Sector) ४९
४.३.७.३ खरखरे सामुदायिक वनले शैक्षिक क्षेत्रमा गरेको खर्च (Current Situation of Kharkhare Community Forest) ५०
४.४ खरखरे सामुदायिक वनको लगानीबाट वार्षिक उपलब्धि (Yearly Achievement of Kharkhare Community Forest) ५२

४.४.१ खरखरे सामुदायिक वनको उपभोक्ताहरुको आर्थिक अवस्था (Family Economic Condit of User) ५२
४.४.२ खरखरे सामुदायिक वन उपभोक्ता तहगत वार्षिक आम्दानी (Levelwise Yearly Income of Kharkhare Community Forest Users) ५२
४.४.३ खरखरे सामुदायिक वन उपभोक्ताको स्रोतगत आम्दानी (Sectore wise Income of Kharkhare Community Forest User) ५३
४.४.४ खरखरे सामुदायिक वन उपभोक्ताको तहगत खर्च (Level Wise expenditure of Kharkhare Community Forest Consumers) ५४
४.४.५ खरखरे सामुदायिक वन उपभोक्ताको क्षेत्रगत खर्च (Sectorwise Expenditure of Kharkhare Community Forest Consumer) ५५
४.४.६ खरखरे सामुदायिक वन उपभोक्ताको वचत (Saving of Kharkahre Community Forest Consumer) ५६
४.४.७ खरखरे सामुदायिक वन उपभोक्ताको शैक्षिक अवस्था (Educational Condition of Kharkhare Community Forest Consumer) ५६
४.४.७.१ उपभोक्ताको तहगत शैक्षिक अवस्था (Level's Educational Condition of Kharkahare Community Forest Consumer) ५७
४.४.७.२ खरखरे सामुदायिक वनले आर्थिक क्षेत्रमा गरेको योगदान (Contribution of Kharkahre Community Forest on Economic Sector) ५८
४.५ खरखरे सामुदायिक वन उपभोक्ता समूहको परिचय (Introduction of the Kharkhare Community Consumer Forest) ५९
४.५.१ खरखरे सामुदायिक वनका उपभोक्ताहरुको समस्याहरू(Consumers Problems of Kharkhare Community Forest) ६०
४.६ सारांश (Summary) ६०
**अध्याय पाँच(CHAPTER FIVE)** **६२-६३**
५. निष्कर्ष र सुझावहरू(Conclusion and Recommendation) ६२
५.१ निष्कर्ष (Conclusion) ६२
५.२ सुझावहरू(Recommendations) ६२
५.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू(Further Related Recommendation) ६४
**सन्दर्भग्रन्थ सूची(REFERENCES)**
**अनुसूचीहरू(Appendices)**

# तालिका सूची(LIST OF TABLES)


| | | | |
|---|---|---|---|
| तालिका ३.१ | : | जनसङ्ख्या र नमुना छनौट | २२ |
| तालिका ४.१ | : | झापा जिल्लाको भू-उपयोग, २०७१ | २९ |
| तालिका ४.२ | : | झापा जिल्लाको शिक्षाको अवस्था, २०७० | ३० |
| तालिका ४.३ | : | झापा जिल्लाको पेशागत अवस्था, २०७१ | ३१ |
| तालिका ४.४ | : | पृथ्वीनगर गा.वि.स.को वडागत जनसङ्ख्याको वनावट, २०७१ | ३६ |
| तालिका ४.५ | : | पृथ्वीनगर गा.वि.स.को वडागत पारिवारिक संरचना, २०७१ | ३७ |
| तालिका ४.६ | : | पृथ्वीनगर गा.वि.स.मा विभिन्न पशोमा संलग्न उपभोक्ताको विवरण, २०७१ | ३८ |
| तालिका ४.७ | : | पृथ्वीनगरन गा.वि.स.को उमेरगत संरचना, २०७१ | ३९ |
| तालिका ४.८ | : | पृथ्वीनगर गा.वि.स.को साक्षरता दर, २०७१ | ४० |
| तालिका ४.९ | : | खरखरे सामुदायिक वनका वर्तमान कार्यक्रमहरू २०७१ | ४२ |
| तालिका ४.१० | : | खरखरे सामुदायिक वनको भावित कार्यक्रमहरू २०७१ | ४४ |
| तालिका ४.११ | : | खरखरे सामुदायिक वनका विभिन्न स्रोतबाट प्राप्त आम्दानी विवरण | ४५ |
| तालिका ४.१२ | : | खरखरे सामुदायिक वनको वार्षिक खर्च विवरण | ४६ |
| तालिका ४.१३ | : | खरखरे सामुदायिक वनको वार्षिक वचत विवरण | ४७ |
| तालिका ४.१४ | : | खरखरे सामुदायिक वनको विभिन्न स्रोतबाट प्राप्त आम्दानी विवरण | ४८ |

| | | | |
|---|---|---|---|
| तालिका ४.१५ | : | वनले सामाजिक क्षेत्रमा गरेको खर्च विवरण, २०७१ | ४९ |
| तालिका ४.१६ | : | खरखरे सामुदायिक वनले आर्थिक क्षेत्रमा गरेको खर्च विवरण, २०७१ | ५० |
| तालिका ४.१७ | : | खरखरे सामुदायिक वनले शैक्षिक क्षेत्रमा गरेको सहयोग (आ.व. २०७०/०७१) | ५१ |
| तालिका ४.१८ | : | खरखरे सामुदायिक वन उपभोक्ताको तहगत वार्षिक आम्दानी विवरण | ५२ |
| तालिका ४.१९ | : | खरखरे सामुदायिक वनको उपभोक्ताहरूको स्रोतगत आम्दानी (आ.व. २०७०/७१) | ५३ |
| तालिका ४.२० | : | खरखरे सामुदायिक वनको उपभोक्ता तहगत खर्च २०७१ | ५४ |
| तालिका ४.२१ | : | खरखरे सामुदायिक वनको उपभोक्ताहरूको क्षेत्रगत खर्च २०७१ | ५५ |
| तालिका ४.२२ | : | उपभोक्ता वचत २०७१ | ५६ |
| तालिका ४.२३ | : | नमुना छनौटमा परेका उपभोक्ताहरूको शैक्षिक अवस्था, २०७१ | ५७ |
| तालिका ४.२४ | : | खरखरे सामुदायिक वन उपभोक्ताको तहगत शैक्षिक अवस्था, २०७१ | ५८ |
| तालिका ४.२५ | : | खरखरे सामुदायिक वनको आर्थिक योगदान, २०७१ | ५९ |

# संक्षिप्त शब्दावली(ABBREVIATION)

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| सा.व.उ. | : | सामुदायिक वन उपभोक्ता |
| रु. | : | रूपैया |
| क्र.सं. | : | क्रम संख्या |
| क्यू.फि. | : | क्युविक फिट |
| गा.वि.स. | : | गाँउ विकास समिति |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| उप.प्रा. | : | उप-प्राध्यापक |
| सा.व.वु. | : | सामुदायिक वन वुलेटिन |
| जि.वि.सि. | : | जिल्ला विकास समिति |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| कि.मि. | : | किलोमिटर |

# अध्याय एक(CHAPTER ONE)

## १.	परिचय(Introduction)

### १.१	अध्ययनको पृष्ठभूमि(Background of the Study)

नेपाल एक सानो भौगोलिक साँस्कृतिक विविधता भएको देश हो । अनेकतामा एकताको रूपमा रहेको नेपाल आर्थिक रूपमा धेरै पछाडि रहेको छ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. रहेको छ । नेपाल उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र अन्य तीन भागमा भारतसँग सिमाना जोडिएको एक भुपरिवेष्ठित दक्षिण एशियाली मुलुक हो । उत्तरपूर्वी गोलाद्धमा अवस्थित यो मुलुक २६ डिग्री २२ मिनेट उत्तर अक्षांसदेखि ३० डिग्री ४३ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपालको जम्मा जनसंख्या २,६४,९४,५०४ पुगेको देखिन्छ । जसमा पुरुष ४८.५० प्रतिशत र महिला ५१.५० प्रतिशत रहेको छ भने साक्षरता दर पुरुषको ७५.१ प्रतिशत र महिला ५७.४ प्रतिशत रहेको छ । त्यसैगरी झापा जिल्लामा कुल जनसंख्या ८,१२,६५० मध्ये पुरुष ३,८५,०९६ र महिला ४,२७,५५४ रहेको छ ( केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । नेपालको पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी दक्षिणमा सिमा स्तम्भ तथा दशगजा क्षेत्रको निर्माणद्वारा भारतीय भूमिसँग सीमाना कायम गरिएको छ भने उत्तरमा तिब्बतसँग मुख्य हिमालले ३५ प्रतिशत र बाँकी भोट हिमालले सिमाना छुट्याएको छ ।

सामुदायिक वनको इतिहास अन्तर्राष्ट्रिय जगत्मा सन् १९७० देखि नै सुरु भएको भए पनि नेपालमा भने सन् १९७६ को राष्ट्रिय वन योजनाको सोच अनुसार वन क्षेत्रको जग्गा पञ्चायती वनको रूपमा हस्तान्तरण गर्ने प्रावधानहरू वन ऐन २०१८ मा समावेश गरी गुरु योजना २०४६ ले प्रथम राष्ट्रिय वन कार्यशाला गोष्ठि २०४४ को अवधारणाको आधारलाई लिई सामुदायिक वनको नीति तयार गरिएको थियो । उक्त नीति कार्यान्वयनका लागि वन ऐन २०४९ लागु भई जिल्ला वन अधिकृतलाई भूमिका र कार्य क्षेत्र स्पष्ट हुने हेतुले वन नियमावली २०५१ जारी गर्दै

त्रिवर्षिय योजना २०६७/०६८-२०६९/०७० उल्लेख भए अनुसार जनसहभागितामूलक प्रणाली अवलम्बन गरी, वनस्पति, जलाधार, संरक्षित क्षेत्र तथा जैविक विविधताको दिगो व्यवस्थापन मार्फत् परिस्थितिकिय सेवाको प्रवर्द्धन र जलवायु परिवर्तनको अनुकुलन तथा प्रभाव न्युनिकरणबाट स्थानीय समुदायको जिविको पार्जनमा सुधार गरी गरिवी न्युनिकरणमा सहयोग पुऱ्याउने दिर्घकालिन सोच सामुदायिक वन व्यवस्थापनमा रहेको अवस्था छ (वन विभाग, २०६८)।

संरक्षणको मुल उद्देश्य सहित वन ऐन २०४९ ले नेपालको वन जंगललाई सात प्रकारमा विभाजन गरेको छ जो निम्नानुसार छ :

१) राष्ट्रिय वन

२) सरकारद्वारा व्यवस्थित वन

३) संरक्षित वन

४) कवुलीयति वन

५) नीजि वन

६) धार्मिक वन

७) सामुदायिक वन

नेपालको कुल भू-भागको ३९.६ प्रतिशत वन क्षेत्रले ढाकेको छ। जसमध्ये २९ प्रतिशत वन र १०.६ प्रतिशत वुट्यानले ढाकेको छ। हाल नेपालमा स्वामित्वको आधारमा तीन प्रकारका वनहरू रहेका छन्। जसमा सरकारी, सामुदायिक र निजी वनहरू रहेको अवस्था छ। वन ऐन २०४९ र वन नियमावली २०५१ ले वन व्यवस्थापनको प्रमुख जिम्मेवारी स्थानीय उपभोक्तालाई हस्तान्तरण गरेको पाइन्छ। राज्यले जिम्मा लिएको वन संरक्षण तथा व्यवस्थापको कार्य जनताको हातमा बन्न पुग्यो। जसले सामुदायिक वन विकास कार्यहरूलाई उपभोक्ताकै योजना बमोजिम अगाडि बढाइएको पाइन्छ (वन विभाग, २०६७)।

नेपालमा संचालित सामुदायिक वन सम्बन्धी कार्यक्रमहरू वन ऐन १९७३ र वन नियमावली १९९५ अन्तर्गत अगाडि बढाएको पाइन्छ । सामुदायिक वन स्थानीय समुदायको हितको लागि संचालित सरकार र स्थानीय समुदाय बिचको समन्वयात्मक संस्थागत प्रवर्द्धन हो । जसले वन सम्पदाको व्यवस्थापन गर्दछ । यी सामुदायिक वनहरू जिल्ला वन अधिकृतबाट वैधानिक रूपमा स्थापित स्वतन्त्र स्वयम्सेवी र स्वशासित संस्थाहरू हुन् । स्थानीय व्यक्तिहरूको जीवन यापनमा सहयोग गर्न वनको राम्रो हेरविचार गर्न वातावरण संरक्षण गर्न नेतृत्वदायी कार्य गरेको छ । करिव एक मिलिएन हेकटर वन क्षेत्र र हाल तेह्र हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समितिहरूलाई हस्तान्तरण गरिसकेको छ । जसले नेपालको कुल जनसंख्याको करिव ३५ प्रतिशत जनसंख्यालाई समेटेको छ (कडेल, २०६२) । नाङ्गो पारिएको वन क्षेत्रलाई फेरि हरियाली बनाएको छ भने वन क्षेत्रको अवस्था पुनः सुधारिएको छ । उपभोक्ता आफैले वनको संरक्षण गर्दै वनको उपभोग र उपयोग पनि गर्दै आएका छन् (वन विभाग, २०६५) ।

नेपालमा बढ्दै गइरहेको जनसंख्याको आधारभूत आवश्यकता परिपूर्ति गर्ने दौरानमा वनको दिनानुदिन अतिक्रमण भइरहेको छ । यसबाट नेपाली वनको क्षेत्र बढी रहेको छैन की बरु बाँकी रहेको वन पनि नासिदै गईरहेको छ । अप्रभावकारी व्यवस्थापन, अप्रयाप्ति संरक्षणले जमिनलाई अनुचित ढंगले प्रयोगमा ल्याउनु र बढ्दै गईरहेको जनसंख्या वृद्धि र चौपायहरूको छाडापनले गर्दा अन्धाधुन्द रूपमा वन फडानी भईरहेको छ (के.सी., २०६०) ।

साझेदारी वन कार्यक्रमको महत्त्व र सफलतालाई दृष्टिगत गर्दै अन्य कार्यक्रम तथा आयोजनाहरूले समेत साझेदार वन विकासमा सहयोग पुऱ्याउने आशा गर्न सकिन्छ । यद्यपि यो कार्यक्रम चालु आ.व.को अवस्थासम्म नेपाल सरकारको आफ्नै स्रोत तथा सक्रियताबाट कार्यान्वयन भइराखेको छ । हालसम्म साझेदारी वन व्यवस्थापन लागु भएका क्षेत्रमा १७ वटा साझेदारी वन उपभोक्ता समुह गठन भई कुल ४३,५८२ हेक्टर राष्ट्रिय वनको क्षेत्र साझेदारी वनको रूपमा हस्तान्तरण

भइसकेको छ । जसबाट हालसम्म कुल ३,६९,२९६ घरधुरीहरू लाभान्वित भएका छन् ( घिमिरे र साथीहरू, २०६६) ।

सामुदायिक वनको इतिहास अन्तराट्रिय जगतमा सन् १९७० देखि नै सुरु भएको हो । जुन बेलाforest is not about trees, It is about peopleभन्ने थियो । नेपालमा सन् १९७६ को राष्ट्रिय वन योजनाको सोच अनुसार वन क्षेत्रको जग्गा पञ्चायती वनको रूपमा हस्तान्तरण गर्ने प्रावधानहरू वन ऐन २०१८ मा समावेश गरी गुरु योजना २०४६ ले प्रथम राष्ट्रिय सामुदायिक वन कार्यष्शाला गोष्ठी २०४४ को अवधारणाको आधार लिई सामुदायिक वनको निति तयार गरिएको थियो । सर्वसाधारणको वन सम्बन्धि आधारभूत आवश्यकता पूर्ति गरी वन विनाशको क्रम रोक्नके लागि पहाडी जिल्लाका वन उपभोक्ता समूहलाई स्थानीय स्तरमा संगठित गरी वन व्यवस्थापनको जिम्मेवारी र उपभोगको अधिकार दिने नीति वन क्षेत्रको गुरु योजना २०४६ मा व्यवस्था गरिएको थियो । वन ऐन २०४९ लागु भई जिल्ला वन अधिकृतलाई वन हस्तान्तरण गर्ने अधिकार दिई सामुदायिक वन प्रक्रियामा सबै सरोकारवालाहरूको भूमिका र कार्यक्षेत्र स्पष्ट गर्ने हेतुले वन नियमावली २०५१ जारी गर्दै त्रिवर्षिय योजना २०६७/०६८ - २०६९/०७० उल्लेख भए अनुसार जनसहभगिता मूलक प्रणाली अवलम्वन गरी वन, वनस्पति, जलधार, संरक्षित क्षेत्र तथा जैविक विविधताहरूको दिगो व्यवस्थापन मार्फत परिस्थितिकीय सेवाको प्रवर्द्धन र जलवायु परिवर्तनको अनुकुल तथा प्रभाव न्यूनिकरणबाट स्थानीय समुदायको जीवीकोपार्जनमा सुधार गरी गरिबी न्यूनिकरणमा योगदान पुऱ्याउने भनि दीर्घकालिन सोचले सामुदायिक वन व्यवस्थापनमा वल पुऱ्याएको अवस्था रहेको छ ।

सामुदायिक वन समूहमा अभ्यास भएको समावेशी सहभागितामूलक र विपन्न मुखी योजना पद्धतिबाट प्राप्त भएका उपलब्धीहरूलाई ग.वि.स. संरचनामा किन र कसरमी विस्तार गर्न सकिन्छ ? भन्ने विषयमा केन्द्रित छ । नेपाल स्विस सामुदायिक परियोजनाको सहजीकरणमा दोलखा, रामेछाप र

ओखलढुङ्गा जिल्लाका सात वटा गा.वि.स.मा परिक्षण गरिएको सहभागितामूलक योजना प्रक्रिया विकासबाट प्राप्त नतिजा र स्थलगत अनुभवको आधारमा विषयवस्तु प्रस्तुत गरिएको छ । सामुदायिक वनको गरिवमूखी सुशासन गा.वि.स.को गरिवमूखी योजना पद्धतीको लागि व्यवस्थापकीय हिसावले सहज, व्यवहारिक हिसावले प्रंभावकारी अवधारणात्मक हिसावले गरिबी निवारणको प्रयासमा नयाँ पहल गर्नुको साथै समावेशी प्रंकारको अवधारणात्माक समेत थप मद्दत पुग्न सक्ने तथा स्थलगत अनुभवबाट देखाएकोले यसलाई विस्तार गर्न आवश्यक छ । विगतका दिनलाई केलाउँदा सामुदायिक वनको उद्देश्य नाङ्गा डाँडापाखाहरूमा बोटविरुवा रोपी हरियाली बनाउने तथा बासदाउरा जस्ता जनताका आधारभूत आवश्यकता पूर्ति गर्ने रहेको थियो । कार्यक्रमको व्यापकता र सिफलता बढ्दै गएपछि मुलुकसामुद रहेको गरिबी निवारण गर्नु, सुशासन, जीविकोपार्जन, दिगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण, वन प्रमाणीकरण तथा लैङ्गिक असमानता जस्ता चुनौतीपूर्ण कार्य सामना गर्न समेत सामुदायिक वन कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ (वन महाशाखा, २०६७) ।

वनजङ्गलले आम जनताको दैनिक जीवनयापन तथा वाताअवरण सन्तुलनमा अन्योन्याश्रित सम्बन्ध रहेको र वनजंगलको वन्यजन्तुहरूको संरक्षण, सम्वर्द्धन एवम् व्यवस्थापनका साथै वन नियमावली २३०५१ ले आवश्यक शैक्षिक योग्यतामा आधारित जनशक्ति तथा संगठनिक सेवाहरूलाई निर्देशित गरी विगतमा भएको वन क्षेत्रको बढ्दो अतिक्रमणहरू नियन्त्रण गर्ने र देशको कूल भू-भागको ४० प्रतिशत वन क्षेत्र कायम गरी राष्ट्रिय अठोरलाई पुरा गर्ने देशमा भएको राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा भएका समस्यालाई लोकतान्तिक अभ्यासका अतिरिक्त आधुनिक विज्ञान र प्रविधिको क्षेत्रलाई बढ्दो उपयोगभ गर्दै अघि बढ्नु (वन विभाग, २०६८) ।

## १.२ **समस्याको कथन (Statement of the Problems)**

नेपालमा प्रकृतिले निःशुल्क प्रदान गरेका विभिन्न किसिमका अपार सम्पदाहरू रहेका छन् । जल, खनिज र वन सम्पदाहरूलाई नेपालमा महत्त्वपूर्ण सम्पदाहरूका रूपमा लिन सकिन्छ । माथिका तिन सम्पदाहरू मध्ये वन सम्पदाले ग्रामिण क्षेत्रदेखि शहरी क्षेत्रसम्म अझै महत्त्व राखेको छ । नेपालमा विभिन्न वनहरू मध्ये सामुदायिक वनले उपभोक्ताहरूको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ । सरकारी वनहरूको तुलनामा सामुदायिक वनले ५५ प्रतिशत ओगटेको छ । जसको ग्रामीण र सहरी क्षेत्रमा रहेको मानिसहरूको हरेक क्रियाकलपामा सहयोग गर्दै आएको छ । यसका प्रत्यक्ष अनुभव गरेको उदाहरणको रूपमा मानिसहरूलाई चाहिने स्वच्छ वातावरण, पशुपंक्षिलाई बासस्थान, औषधीको रूपमा जडिबुटी, भू-क्षय रोकथाम, घासदाउरा र भौतिक निर्माण सामग्रीको रूपमा लिन सकिन्छ ।

प्राचीन कालदेखि वनलाई इन्धनको प्रमुख स्रोत, भौतिक पूर्वाधार निर्माणको रूपमा बढी मात्रामा प्रयोग गर्दै आएको भए पनि विगतका केही वर्ष यता तराइका चारकोशे झाडीहरू दिनानुदिन फडानी भइरहेका छन् । जसको प्रमुख कारणको रूपमा इन्धनको प्रमुख स्रोत रहेको छ भने अव्यवस्थित बसाईसराई मुख्य पक्ष रहेको छ । चारकोशे झाडीहरू दिनानुदिन फडानी भइरहेको अवस्था थाहा पाउन विभिन्न सालहरूका प्रतिवेदनहरूबाट पुष्टि हुन्छ । जस्तै वि.सं. २०२० सालको सामुदायिक वनको प्रतिवेदन अनुसार कुल क्षेत्रफलको ४५ प्रतिशत क्षेत्र वन जंगलले ढाकिएको थियो भने क्रमशः बढ्दै वि.सं. २०४५ सम्म आइपुग्दा नेपालको कुल वनजंगल ४० प्रतिशत झरेको देखिन्छ । आठौं, नवौं योजनासम्ममा वनजंगल घटेर पुनः ३९.६ प्रतिशत रहेको छ, जुन घट्नुको प्रमुख पक्ष भनेको पहाडबाट तराइ तथा शहरमुखी अव्यवस्थित बसाइसराईले गर्दा दिनानुदिन एकातिर तराइको खेती योग्य उर्वर जमिन घरवासमा खण्डित हुँदैछ भने अर्कोतर्फ प्रत्यक्ष असर वनजंगलमा रहेको पाइन्छ । विगतका केही वर्ष यता कवुलियती, निजी वनको विकास भएता पनि खासै उत्साहप्रर्द्धक रूपमा अघि बढ्न सकेको देखिदैन । हाल रहेको ३९.६ प्रतिशत वन जंगल मध्येमा पनि १०.६ प्रतिशत जंगल बुट्यान रहेको छ भने बाँकी २९ प्रतिशत

क्षेत्र मात्र  जंगलले ढाकेको छ भने अर्को तर्फ ६४ प्रतिशत ग्रामीण जनताको मुख्य इन्धनको स्रोत पनि जन जंगल नै रहेको देखिन्छ भने शहर तिरका केवल १७ प्रतिशत प्रतिशत मनिस मात्र दाउरा इन्धनको स्रोतभन्दा बाहिर रहेका छन्, बाँकी सबैको इन्धनको मुख्य स्रोत वन जंगल नै भएकोले जंगल दिन प्रति दिन घट्न गई विश्वव्यापी समस्याको रूपमा देखिएको कार्वन उत्र्सजन न्यूनिकरणमा देखिएको समस्यालाई कम गर्न जंगलको कमि देखिन्छ (राष्ट्रिय सामुदायिक वन गोष्ठि प्रतिवेदन, २०६५) ।

वर्तमान समयमा वनको क्षेत्र ३९.६ प्रतिशत रहेको छ तर नेपाल वन मन्त्रालयले ४० प्रतिशतभन्दा कम हुन नदिने शर्त राखेता पनि दिन प्रति दिन वन विनासको समस्या बढ्दो रूपमा रहेको छ । विकासोन्मुख देश त्यसमा पनि हाम्रो जस्तो मुलुकमा सन्तुलित विकासका लागि वन क्षेत्रको महत्त्वपूर्ण भूमिका रहँदा रहँदै पनि यसको उचित व्यवस्थापनको अभावले गर्दा वन क्षेत्रलाई व्यवस्थित तवरबाट व्यवस्थापन गर्न सकिरहेको अवस्था छैन । यसको प्रमुख कारणहरूमा अशिक्षा, वेरोजगारी, जनचेतनाको कमि, गरिवी, भोकमरी आदि जस्ता पक्षहरू कारण तत्वका रूपमा रहेका देखिन्छन । यी नेपाली अर्थतन्त्रका प्रमुख विशेषताहरू पनि हुन् । वन जंगलको यस्तो दयनिय अवस्थामा पनि हरेक नेपालीहरूमा वन सम्पदाको महत्त्व, अवस्था र भावि जीवनमा पुऱ्याउन सक्ने विविध पक्षहरू सम्बन्धी जनचेतना साथै सामुदायिक वन कार्यक्रम सफल हुनका साथै वन सम्पदाको पनि उचित व्यवस्थापन भई ग्रामिण क्षेत्रको आर्थिक र शैक्षिक क्षेत्रमा पनि सुधार आउन सक्छ । कृषि र वन एक आपसमा सम्बन्धित भएकाले हाम्रो जस्तो कृषि प्रधान अर्थतन्त्र भएको देशमा प्रभावकारी सामुदायिक वन कार्यक्रमबाट अप्रत्यक्ष रूपमा कृषि क्षेत्रको सुधार आउनका साथै देशको अर्थतन्त्रमा पनि उल्लेखनिय सुधार ल्याउन सकिने देखिन्छ ।

प्राकृतिक सम्पदाले भरिएको नेपालका वन क्षेत्र कृषि, पर्यटन, जलस्रोत र भौतिक पूर्वाधारको मेरुदण्ड नै हो । वन क्षेत्रमा वनस्रोतको संरक्षण र व्यवस्थापनमा बढ्दो जनसंख्याको चाप वन पैदावारका माग, कृषि उत्पादन, वन फडानि, डढेलो, चोरीकटानी र निकासिको कारणले वन क्षेत्रको ह्रास हुँदै गएको छ । मुक्त कमैया,

बसाइसराई, सुकुम्बासी, भूमिहिन, दैविक प्रकोप पीडित र स्कुल, कलेज, अस्पताल, जलविद्युत, सिचाइ र सडक जस्ता विकास निर्माणका लागि समेत वन क्षेत्र नै उपयोग हुनु तराइ तथा भित्रि मधेशका वन क्षेत्रहरू झन्डै १ लाख हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेकोले गर्दा समयमै नियन्त्रण गरी वन क्षेत्रले ढाकेको ४० प्रतिशत क्षेत्र कायम गर्न आवश्यक भएको हुँदा प्रस्तावित “वन अतिक्रमण नियन्त्रण रणनीति २०६८” नेपाल सरकारबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ( वन विभाग, २०६८) ।

नेपाल मा परापूर्वकालदेखि नै समुदायहरूले परम्परागत रूपमा वनको संरक्षण र उपयोग गर्दै आएको भएता पनि वि.सं. २०३५-०३६ देखि सामुदायिक वन कार्यक्रमलाई अभियानका रूपाम सुरु गरेको थियो (सामुदायिक वन गोष्ठि, २०६५) । सामुदायिक वन कार्यक्रम सबैभन्दा पहिलो चरणमा पहाडी जिल्लामा संचालन गरिएको थियो । हाल यस कार्यक्रम देशभरी नै लागु गरिएको छ । नेपालमा अहिले पनि करिव ५६ लाख हेक्टर वन छ । ७५ प्रतिशत (४२ लाख हेक्टर) राष्ट्रिय वन र २५ प्रतिशत ( १४ लाख हेक्टर) वन समुदायलाई वितरण गरिएको सामुदायिक वन छ । वन संरक्षणको १७ हजार ८०८ सामुदायिक वनले जिम्मेवारी पाएका छन । तराइका जिल्लाहरूमा वि.सं. २०५२/०५३ सालबाट समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम सुरुवात भएको हो । हाल तराइका २० वटा जिल्लाहरूमा जम्मा १ हजार २४१ सामुदायिक वन समितिहरू गठन भएका छन् । जस मध्ये झापा जिल्लामा २८ वटा समितिहरू गठन भएको छ । सामुदायिक वन वुलेटिन अङ्क १५, २०६६/०६७ बढ्दो जनसंख्या वृद्धिले गर्दा या भनौ बढ्दो जनसरकारको चापले गर्दा विशेष गरी तराइ क्षेत्रमा वन कार्यक्रम लागु गर्न गाह्रो भएको देखिन्छ ।

सामुदायिक वन कार्यक्रम सुधारबाट स्थानीय विद्यालयहरूको पनि शैक्षिक प्रक्रियामा केही मात्रामा भए पनि सहज भएको छ । स्थानीय सम्पूर्ण जनताहरू एकजुट नभएकोले यसबाट प्राप्त गर्न सक्ने फाइदाहरू स्पष्ट हुन नसकेको कारणले गर्दा त्यहाँ संलग्न समितिले स्थानीय क्षेत्रमा अन्य प्रकारका सहयोग गर्न पनि असहज भएको

स्थिति रहेको छ । यसै सन्दर्भमा गरिएको यस अध्ययनबाट निम्न समस्याको प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्ने छु :

क) सामुदायिक वन उपभोक्ता समितिले स्थानीय जनताहरूको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

ख) सामुदायिक वन उपभोक्ता समितिले शैक्षिक क्षेत्रमा कस्तो सहयोग गरेको छ ?

ग) सामुदायिक वन प्रति उपभोक्ताहरूको कस्तो भूमिका छ ?

घ) सामुदायिक वन समितिबाट स्थानीय जनता र त्यसका उपभोक्ताले कुन किसिमको सामुहित फाइदा लिएका छन् ?

ङ) सामुदायिक वनको वार्षिक आय व्ययको विवरण कस्तो छ ?

यदि वनको सहि संरक्षण र सदुपयो हुन सके लाखौ युवालाई रोजगारीका लागि विदेशी सडकमा भौतारिनु पर्ने अवस्था थिएन । तर विडम्वना हिजोको “हरियो वन नेपालको धन” भन्ने नारा अहिले नेपालको वन तस्करको धन सावित भएको छ । राणकालमा पनि वनलाई आर्थिक पक्षको रूपमा लिएको थियो । अहिलेको राजनीतिक दलले पनि वनलाई नै आर्थिक पक्षको रूपमा लिएको पाइक्ष्न्छ । सरकारी ऐन नियमावलीलले पनि कुनै नौइलो परिवर्तन गर्न नसकेर वनको जरामा धमिरा लागेजस्तो वन ऐन र नियमवलीको जरामा धमिरा लागे जस्तो छ

## १.३ अध्ययनको उद्देश्य(Objective of the Study)

यस अध्ययनको उद्देश्यहरू यस प्रकार रहेका छन् :

यस अध्ययनको साधारण उद्देश्यले झापा जिल्ला पृथ्वीनगर गा.वि.स.को सामुदायिक वन कार्यक्रम अन्तर्गत  सामुदायिक वन समितिले स्थानीय क्षेत्रको आर्थिक तथा शैक्षिक विकासमा पारेको योगदानको विश्लेषण गर्नु हो ।

१) सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक पक्षमा पुऱ्याएको योगदान विश्लेषण गर्नु ।

२) सामुदायिक वनले स्थानीय उपभोक्ताको शैक्षिक अवस्थामा पुऱ्याएको योगदानविश्लेषण गर्नु ।

३) सामुदायिक वनको वार्षिक आय व्ययको विवरणको विश्लेषण गर्नु ।

## १.४ **अनुसन्धानात्मक प्रश्नहरू(Research Quesitons)**

१) सामुदायिक वनले उपभोक्ताको आर्थिक क्षेत्रमा गरेको योदगान कस्तो छ ?

२) सामुदायिक वनले उपभोक्ताको शैक्षिका क्षेत्रमा गरेको योगदान कस तो छ ?

३) सामुदायिक वनले उपभोक्ताको सामाजिक क्षेत्रमा गरेको योगदान कस्तो छ ?

## १.५ **अध्ययनको** महत्त्व**(Significance of the Study)**

सामुदायिक वन कार्यक्रम वन सम्पदाको संरक्षण तथा विकास गर्ने महत्त्वपूर्ण नीति हो । वन सम्पदाको संरक्षण तथा विकासको साथसाथै स्थानीय क्षेत्रमा जनताहरू पनि लाभान्वित हुने भएकोले देशको राष्ट्रिय अर्थतन्त्र विकासका लागि पनि यो एउटा महत्त्वपूर्ण कार्यक्रम सावित भएको छ । यो कार्यक्रम सन् १९९३ को वन ऐन र सन् १९९५ को वन नियमावली अनुसार प्रदान गरिएको हो । यस कार्यक्रमको प्रमुख उद्देश्यसरकार र स्थानीय समुदायबिचमा समन्वय गरी सम्पदाहरूको संरुक्षण र सम्बर्द्धन गर्दै यसबाट अधिकतम फाइदा लिनु हो ।

झापा जिल्लाको पृथ्वीनगर गा.वि.स. अन्तर्गत रहेको यस सामुदायिक वनमा हालसम्म कुनै पनि अध्ययन भएको छैन । वर्तमान अध्ययनमा सैद्धान्तिक र व्यवहारिक गरी दुवै पक्षबाट महत्त्वपूर्ण देखिन्छ । यस अध्ययनले त्यस क्षेत्रको वन व्यवस्थापन

सम्बन्धी सफलता र समस्याका गतिविधिहरू प्रकासमा आउने र सबैको बारेमा जानकारी हुने देखिन्छ । त्यसरी नै यस अध्ययनबाट विविध पक्षहरूमा देखिएको समस्यालाई पहिचान गर्न सजिलो तथा व्यवहारिक हुन्छ । भविष्यमा त्यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धान कर्ताको लागि वर्तमान अध्ययन प्रतिवेदन एउटा आधार हुनेछ र त्यसको आधारमा यस बारे अझ गहिरो अध्ययन गर्न सहयोग पुग्न सक्नेछ । साथै वर्तमान र भविष्यमा गरिने अध्ययन अनुसन्धानका निष्कर्षहरू बिच तुलना गर्न सकिनेछ । यस अध्ययनको महत्त्वलाई निम्न बुँदाहरूमा समिटिएको छ :

क) यस अध्ययनले झापा जिल्ला पृथ्वीनगर गा.वि.स. अन्तर्गतको यस सामुदायिक वन उपभोक्ता समितिको प्रभाव तथा उक्त क्षेत्रभित्र रहेका व्यक्तिहरूको आर्थिक तथा शैक्षिक अवस्था पत्ता लगाउन मद्दत पुऱ्याएको छ ।

ख) स्थानीय जनताहरूलाई सामुदायिक वन उपभोक्ता समितिमा सहभागी हुन प्रेरणा प्रदान गरिएको छ ।

ग) ग्रामीण जनताहरूको आर्थिक स्तर उकास्न सामुदायिक वनले खेल्नुपर्ने भूमिका पत्ता लगाई सामुदायिक वन समितिलाई सुझाव यस अध्ययनले दिइएको छ ।

घ) स्थानीय जनताहरूको सामुदायिक वन प्रतिको धारणा बुझ्न सहयोग मिलेको छ ।

ङ) यस अध्ययनले नीति निर्माण तहमा रहेका व्यक्तित्वहरू र वन क्षेत्रमा कार्य गर्न चाहने परियोजनाहरूलाई सामुदायिक वनको अवस्थाको जानकारी लिई प्रभावकारी नीति निर्माण गर्नमा पनि सहयोग गरेको छ ।

## १.६ अध्ययनको सीमा(Limitation of the Study)

यो अध्ययनमा निम्न बमोजिम सिमाहरूमा रहेर अध्ययन गरिएको छ :

- यो अध्ययन पूर्वी नेपालको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. स्थित खरखरे सामुदायिक वन समितिको क्षेत्रमा मात्र सिमित रहेको छ ।
- स्थानीय विकासमा गरेको योगदानहरूलाई वनको वार्षिक प्रतिवेदनको आधारमा अध्ययन गरिएको छ ।
- समय सिमाको कारणले सानो आकारमा लिएको नमूनाको प्रयोग गरिएको छ ।
- अध्ययन क्षेत्रको पहिलाको आर्थिक तथा शैक्षिक अवस्थालाई ध्यान नदिइ वर्तमानको अवस्थालाई मात्र विश्लेषण गरिएको छ ।
- यस अध्ययनबाट निकालेको निष्कर्ष खरखरे सामुदायिक वन बाहेक अन्य सामुदायिक वनमा सामान्यिकरण गर्न सकिने छैन ।

## १.७ अध्ययनको संगठन(Organization of the Study)

यस अध्ययनलाई निम्न रूपमा संगठन गरिएको छ ।

पहिलो अध्यायमा परिचय रहेको छ । जस अन्तर्गत क्रमशः पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व र अध्ययनको सिमाहरू राखिएका छन् ।

दोस्रो अध्यायमा सम्बन्धित विषयवस्तुको सन्दर्भ विश्लेषण र साहित्यको पुनरावलोकन रहेको छ । जस अन्तर्गत सामुदायिक वन कार्यक्रमको विकासक्रम र सामुदायिक वन कार्यक्रमसँग सम्बन्धित पूर्व अध्ययनहरूको सारांश प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान पद्धति रहेको छ । यसमा अध्ययन क्षेत्र छनोट, अनुसन्धान ढाँचा, नमुनाको आकार, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण विधिबारे चर्चा गरिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्रको चिनारी (परिचय) रहेको छ भने पाँचौ अध्यायमा अध्ययन गरिएको तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण रहेको छ ।

यसरी यो अध्ययनलाई ५ वटा अध्यायमा विभाजन गरी सगठित गरिएको छ ।

## १.८ मुख्य शब्दावलीहरूको कार्यात्मक परिभाषा(Operatinal Definition of Terms)

यस अध्ययनमा निम्न शब्दावलिको प्रयोग गरिएको छ :

| | | |
|---|---|---|
| सामुदायिक वन | : | सामुदायिक हितको लागि विकास संरक्षण र उपयोग गर्न उपभोक्तालाई जिम्मा दिएको वन । |
| जनसहभागिता | : | कुनै कार्य गर्नाको निम्ती मानिसहरूको उपस्थिति तथा भेला । |
| वन अतिक्रमण | : | वन क्षेत्रहरू चोरी कटानी गरी वन विनाश हुनु । |
| जीविकोपार्जन | : | जीवनयापन चलाउनका लागि गरिने कार्य । |
| अन्तर्वार्ता | : | दुई जना व्यक्तिहरू बीच गरिने कुराकानी । |
| प्रत्यक्ष अवलोकन | : | अनुसन्धनकर्ता अध्ययन क्षेत्रमा आफै गई गरिने अवलोकन । |
| वृक्षारोपण | : | वोटविरुवाहरू रोप्ने काम । |
| आम्दानी | : | वस्तु तथा सेवा विक्री गरे वापत प्राप्त रकम । |
| खर्च | : | वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरेको रकम |
| जनसंख्या | : | अनुसन्धानको लागि छनोट गरिएको सम्पूर्ण मानिसहरू एवम् वस्तुहरूको समूह । |
| नमुना | : | ठूलो जनसंख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूह |
| सहुलियतदर | : | प्रचलित बजारमूल्य भन्दा कम मूल्य । |

# अध्याय दुई(CHAPTER TWO)

## २. सम्बन्धित साहितयको पूनरावलोकन (Review of Related Literature)

यस अध्यायमा सामुदायिक वनसँग सम्बन्धित पूर्व साहित्यलाई विभन्नि एकाइ तथा उप-एकाईहरूमा विश्लेषण गरिएको छ । यो शोधपत्र तयार गर्ने काममा प्राथमिक स्रोतका साथै द्वितीय प्राकृतिक स्रोतहरूबाट समेत तथ्यहर संकलन गरिएको छ । विभिन्न विद्वान् एवम् संघसस्थाहरूद्वारा विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा उल्लेख गरिएको धारणाहरूलाई उल्लेख गरी सम्बन्धित तथ्यहरूलाई प्रस्ट गराउनु उचित हुने महसुस गरी यस अध्यायमा सम्बन्धित कुरालाई राख्ने प्रयास गरिएको छ ।

## २.१ पूर्व साहत्यिको साहित्यको पुनरावलोकन(Review of Literature)

सिंह (१९९३) विश्वव्यापी सन्दर्भमा सामुदायिक वन नयाा भए पनि अवधारणा भने ुरानो हो । जव पृथ्वीमा वोटविरुवाको उत्पत्ति भए देखि नै जब्गल र पृथ्वीको घनिष्ट सम्बन्ध रहादै आएको छ भने मानव जातिको उत्पत्ति देखि नै मानव र वनविच सम्बन्ध रहादै आएको पाइन्छ । पछि जनसङ्ख्याको चाप बढ्दै जाादा मानिसहरूले जीवन निर्वहको लागि वन अतिक्रमण गर्न थाले जसले गर्दा पृथ्वीमा विभिीन्न किसिमका समस्याहरू बढ्दै जाादा मानिसहरूले जीवन निर्वाहको लागि वन अक्रिमण गर्न थाले जसले गर्दा पृथ्वीमा विभिन्न किसिमका समस्याहरू बढ्दै जान थालेपछि सन् १९७० को दशमा वातावरण विनाश र पर्यावरण संरक्षण थाहा थिएन तर वन सम्पदाको महत्त्व सम्बन्धी जनचेतनजाले सामाजिक र सामुदायिक वनको अवधारणा अगाडि ल्याइयो ।

चौधरी (२००६)का अध्ययनमा सामुदायिक वन उपभोक्ता समूहको दिगो संस्थागत विकासको लागि सुशासन एक महत्त्वपूर्ण पक्ष भएको निष्कर्ष दिएका छन् । यस अध्ययनले सामुदायिक वन हस्तान्तरण प्रस्तावना प्रदान गरिने प्राविधिक संस्थगागत क्षमता अभिवृद्धि क्रियाकलापहरू नियमित अनुमगनका कार्यले उपभोक्ताको

समूहहरूको प्रजातान्त्रिक अभ्यासहरूको संस्कार बसाल्ने कार्यलाई बढावा दिदै सुशासन कायम हुन्छ भन्ने निष्कर्ष रहेको छ ।

भण्डारी (२००५) को अनुसार सामुदायिक वन उपभोक्ता समूहको सक्रिया व्यवस्थापन नहुनुको प्रभुख कारण वन सम्वर्द्धन गर्ने उपाय र साधनको ज्ञानको कमी हुनु हो । सक्रिय वन व्यवस्थापनको लागि व्यवस्थापन तालिम मात्र प्रर्याप्त हुादैन । सामुदायिक वनको प्रयोगकर्ता नै वास्तविक प्रवर्द्धक भएकोले उनीहरूलाई वन संरक्षण र साधनको बारेमा जानकारी हुनुपर्छ । सामान्य सैद्धान्तिक तरिका पर्याप्त नुहुन सक्छ । दिगो विकास जस्तै आ ँनै क्रियाकलापद्वारा सिक्ने अवसरले उनीहरूको आत्मविश्वासको विकासको साथै सुहााउदो उपाय विकास गर्छ । पर्याप्त मात्रामा वन संरक्षणका तौरतरिकाहरूको प्रयोग गर्दै उत्पादन बढाउने हिसाबले सामुदायिक वनको व्यवस्थापन गर्ने कार्य प्रमुख रूपमा समाधान गर्ने चुनौती हो । यसमा दिगो वन व्यवस्थापनको दृष्टिकोण र प्रयोग गर्न लागिएको तरिकाहरू समेत बनलाई उनीहरूको उद्देश्य अनुसारको बनाउन खासै उपयोगी नभएको देखियो ।

खरेल (२०६०) ले “काभ्रेपलाञ्चोक जिल्लाको कबुलिएती वनको एक अध्ययन” शीर्षकमा गरेको अध्ययनले चारवटा उद्देश्यमा केन्द्रित छ । उक्त उद्देश्यले दनुवारहरूको सामाजिक र आर्थिक स्थितिको साथै दनुवार महिलाहरूको वन व्यवस्थापन सहभागिताको बारेमा अध्ययन गरिएको थियो । तथ्याङ्क सङ्कलनको लागि अन्तर्वार्ता सूची, प्रश्नावली, अवलोकन फारम र क्षेत्र नोटलाई प्रंयोग गरिएको थियो । दनुवार महिलाहरू वनमा सहभागिता हुादा कसैले पनि घोचपेच र व्यङ्ग्य गर्ने खालको स्थिति हुनु हुादैन । उनीहरूलाई सरल र सहज वातावरण मिलाई सहभागित गराउनु पर्छ भन्ने सुझावहरू रहेको थियो साथै वनमा केही मात्रमा महिलाहरूलाई संलग्नता गराई व्यवस्थापनमा सफल भए तापनि अन्य क्षेत्रहरूमा पछाडि नै परेको रहेछ भन्ने निष्कर्ष निकालिएको थियो ।

बानियाा (२०६१) को अनुसन्धान अनुसार उचित वन व्यवस्थापन गर्न सकेमा गरिव उपभोक्ताको आर्थिक स्तर उकास्न सकिन्छ भन्ने निष्कर्षमा निस्किएका छ । अध्ययनले हामीमा गरिबी न्यूनिकरण गरौं भन्ने सोचाई हुनुपर्यो भन्ने कुरालाई बढी

प्राथमिकतामा राखेको छ । घोर्लास सामुदायिक वनको उपलब्धिको उदाहरण दिदै भनिएको छ कि चिन्न गाह्रो छ तर अवसरहरू हाम्रो वरिपरि नै छन् । गरिवी केन्द्रित कार्यक्रम गर्दा उपभोक्ता छनौट कार्यक्रम ऋण लगानी फिर्ता प्रक्रिया तथा दिगोपन जस्ता कुराहरूलाई गहिरिएर हेर्नुपर्छ भन्न सक्छन भन्ने यसको निचोड हो ।

श्रेष्ठ (२०६४) ले सुर्खेत जिल्लामा गरेको अध्ययनमा महिलाहरूलाई वन व्यवस्थापनको निर्णय प्रक्रियामा पूर्णता : वेवास्ता गरिएल्को मात्र होइन उनीहरूलाई निर्णय कार्यान्वयन तहमा ज्यामितीको रूपमा मात्र प्रयोग गर्ने गरेको पाइएको छ । वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक उपभोक्ता समूहकोक कार्यसमितिमा ३३ प्रतिशत महिला हुनुपर्ने अनिवार्य व्यवस्था तोके पनि व्यवहारमा त्यो लागु भएको देखिादैन । वन उपभोक्ता समूहको कार्य समितिमा महिलाको प्रतिनिधित्व तोकेको भन्दा धेरै कम पाईन्छ । यस अध्यनमा सहरबजार क्षेत्र आसपासमा सामुदायिक वनहरूमा महिलाहरूको सहभागिता केही हदसम्म राम्रो भएको पाइए तापनि सबै ठाउमा एउटै स्थिति छैन ।

तेह्रौ योजना (२०७०/७४३) को आधारपत्र अनुसार नेपालके कुल भू-भागको ३९.६ प्रतिशत क्षेत्र वनजंगलले ढाकेको छ । हालसम्म १७ हजार ८ सय र सामुदायिक वन उभोक्ता समूहलाई १६ लाख ६४ हजार ९ सय १८ हेक्टर वन क्षेत्र संरक्षण र व्यवस्थापन गर्न जोड दिएको छ । यसबाट समूहमा आद्ध २१ लाख ९४ हजार ३ सय ५० घरधुरीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । ६ हजार ७ सय १२ कवुलियति वन समूह गठन गर्रा ५३ हजार ५ सय ७२ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिको, त्यस्तै गरी तराईका १७ वटा साझेदारी वनहरूमा वैज्ञानिक वन व्यवस्थापन कार्यको थालनी भएको छ । परिस्थितिकीय प्रणलीको संरक्षण गर्नको लागि २३.२३ प्रतिशत भू-भाग संरक्षित क्षेत्र अन्तर्गत राखिएको छ । वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता लगायतका स्रोतहरूको समुचित संरक्षण दिगो व्यवस्थापन र सदुपयोग गर्दै अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यक साथ कुल भू-भागको न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गर्ने, वन क्षेत्रको स्रोत संरक्षण, दिगो व्यवस्थापन एवम् अति उत्तम रूपमा सदुपयोग गरी वन्यज न्तु उत्पादन तथा परिस्थितिकीय सेवाको सदुपयोग गर्दै वन

पैदावरको सुलभ आपूर्ति र जीविकोपार्जनमा सुधार गर्दै अघि बढ्ने रणनीतिलाई आत्मासाथ गर्दै कुल भू-भागको कम्तीमा ४० प्रतिशत वन क्षेत्र कायम गर्न आवश्यक, सुरक्षात्मक संरक्षणात्मक तथा प्रवर्द्धनात्मक जस्ता कार्यनीति तय गर्दै ४० प्रतिशत वन क्षेत्र कायम गर्न ३० हजार हेक्टर वन क्षेत्रमा वैज्ञानिक व्यवस्थापनको सुरुवात गर्दै ५ सय सामुदायिक वन उपभोक्ता समूहहरूमा जलवायू परिवर्तनकोनकारात्मकता साग जुध्न सक्ने योजना तयार (कोशी, गण्डकी, कर्णालि) गर्दै वृहत जलाधारको व्यवस्थापन गर्दै सामुदायिक साझेदारीको प्रवर्द्धनबाट बनजन्य व्यवसायमा निजी क्षेत्रको सहभागिता वृद्धि गर्दै सय हेक्टर क्षेत्रफलमा जडिवुटिको विस्तार गर्दै आय आर्जनमा टेवा पुऱ्याउने अपेक्षित प्रतिफल तय गरेको छ (राष्ट्रिय योजना आयोग, २०७०/०७३)।

यी अध्ययनहरूको समीक्षाबाट सामुदायिक वन कार्यक्रमले स्थानीय उपभोक्ताहरूको जीवनस्तर र जीवीकोपार्जनमा उल्लेख सहयोग पुगेको देखिन्छ । गरिवी निवारण वन कार्यक्रमको एउटा मुख्य कार्यक्षेत्रको रूपमा लिएको पाइन्छ । माथि समीक्षा गरिका प्रायः सबै अध्ययनहरू यसै अनुरूप रहेका छन् । खरखरे सामुदायिक वनको अतिक्रमण र व्यवस्थापन समिति बीचको सम्बन्ध माथि सभिक्षित अध्ययनहरू भन्दा के अर्थमा फरक छ भने यसले सामुदायिक वन अतिक्रमणमा व्यवस्थापन स-मितिको भूमिकालाई जा्ड्न खोजेको छ भने माथि समीक्षा गरिएको अध्ययनहरू प्रायः सबैमा सामुदायिक र शैक्षिक क्षेत्रलाई बढी जोड दिइएको पाइन्छ । यस अध्ययनम भने व्यवस्थापन समितिको जिम्मेवारी र अतिक्रमण विचको सम्बन्धको बारेमा औल्याउदै अतिक्रमणका कारण र अतिक्रमण कमगर्ने उपायहरूको बारेमा सल्लाह र सुझाबारे विश्लेषण गर्नु यो अध्ययनको मुख्या उद्देश्य हो ।

## २.२ कार्यात्मक संरचना (Functional Framework)



# अध्याय तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र तौरतरिका(Methodology and Procudure of the Study)

यस अध्ययनको अनुसन्धान विधि वा तौरतरिकालाई यस प्रकार उल्लेख गरिएको छ ।

## ३.१ अध्ययन ढाँचा र विधि (Design and Method of the Study)

यो अध्ययन वर्णनात्मक अनुसन्धान ढाँचा(Descriptive Research Design) मा आधारित छ । त्यसको लागि गुणात्मक र संख्यात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । यस अध्ययनमा नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत झापा जिल्ला स्थित पृथ्वीनगर गा.वि.स. अवस्थित खरखरे सामुदायिक वनमा आवद्ध उपभोक्ताहरूको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थाको विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरूअध्यनकर्ताको सक्रियतामा प्राथमिक स्रोतसम्म पुगी तथ्याङ्क प्राप्त गरिएको थियो भने द्वितीय तथ्याङ्कहरू यसै अध्ययनसँग सम्बन्धित प्रकाशनहरू, सामुदायिक वन सम्बन्धित लेख अभिलेखहरू र सरोकारवाला कार्यालयबाट सङकलन गरिएको थियो । यसरी प्राप्त तथ्याङ्कहरूलाई तालिकाद्वारा प्रस्तत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसैले यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै प्रकारमा तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोतहरू(Sources of Data)

तथ्याङ्कको स्रोतलाई दुई भागमा वर्गीकरण गरी उल्लेख गर्न सकिन्छ । प्राथमिक तथ्याङ्क जो अनुसन्धान कर्ताले नै अध्ययन क्षेत्रबाट प्राप्त गर्ने तथ्याङ्क हो भने द्वितीय तथ्याङ्क जुन अध्ययनकर्ताले तथ्याङ्क सङ्कलन नगरी उपयुक्तताको आधारमा विभिन्न संघसंस्थाले प्रमाणित वा प्रकाशित तथा अप्रकाशित गरेको

तथ्याङ्कलाई द्वितीय तथ्याङ्कको रूपमा उल्लेख गरिएको छ । ती तथ्याङ्कका स्रोतहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ **प्राथमिक स्रोत (Primary Source)**

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्कको स्रोतके रूपमा यस अध्ययन क्षेत्र भित्रका वनका वर्तमान कार्य समितिका पदाधिकारी तथा उपभोक्ताहरू हुन् । यी प्राथमिक स्रोतहरूसम्म अध्ययनकर्ता स्वयम् पुगी तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.२.२ **द्वितीय स्रोत (Secondary Sources)**

यस अध्ययनका लागि द्वितीय तथ्याङ्क स्रोतहरू सम्बन्धित क्षेत्र र विषयसँग सम्बन्धित विभिन्न संघसंस्था जस्तै - केन्द्रीय तथ्याङ्क विभाग, वन विभाग, जिल्ला सामुदायिक वन महासंघ, जिल्ला विकास समिति, गाउँ विकास समिति, सामुदायिक वनको वार्षिक प्रतिवेदन, शोधपत्र तथा अप्रकाशित पुस्तक, प्रतिवेदन, पत्रपत्रिका, लेख रचनाहरू हुन् ।

## ३.३ **जनसङ्ख्या नमूना, आकार र नमुना छनौट (Population, Sample Size and Sampling)**

यस अध्ययनको जनसङ्ख्या र उक्त जनसङ्ख्याबाट छनौट गरिएको नमुना यस प्रकार रहेको छ ।

### ३.३.१ **जनसङ्ख्या (Population)**

यो अध्ययनमा झापा जिल्ला पृथ्वीनगर गा.वि.स अन्तर्गतमा पर्ने कुल जनसङ्ख्या १४,४१८ जना जसमा २,९११ घरधुरी संख्यामा ७५४४ पुरुष र ६९६३ महिला रहेका छन् । त्यसैले २,९११ घरधुरीलाई यस अध्ययनको जनसङ्ख्याकोरूपमा लिइएको छ । अध्ययनको सहजताको लागि जनसङ्ख्याबाट निम्नानुसार नमुना छनौट गरिएको छ ।

### ३.३.२ **नमुनाको आकार (Sample Size)**

खरखरे सामुदायिक वन उपभोक्ता समितिमा आवद्ध पृथ्वीनगर गा.वि.स.को घरधुरी संख्या २,९११ बाट १५० घरधुरी(७५० जना)अर्थात् ५.१५ प्रतिशतलाई हरेक वडाबाट समानुपातिक प्रतिनिधित्व हुने गरी यस अध्ययनमा नमुना छनौट गरिएको छ ।

### ३.३.३ **नमुनाको छनौट (Sampling)**

स्रोत, साधन र समयको सीमितताको कारण सम्पूर्ण जनसङ्ख्यालाई लिएर अध्ययन गर्न जटिल एवम् कठिन कार्य भएकोले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी नमूना छनोट गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

१) यस अध्ययनका लागि उद्देश्यमूलक नमुना छनौट विधि (Purposive Sampling method)बाट झापा जिल्ला, पृथ्वीनगर गा.वि.स.लाई छनौट गरिएको छ । यस उक्त क्षेत्रमा रहेको सामुदायिक वनमा संलग्न उपभोक्ताहरूको आर्थिक शैक्षिक तथा सामाजक अवस्थाका विश्लेषण गर्न छनौट गरिएको हो त्यसैगरी उक्त क्षेत्रको वनको उपभोग गर्ने उपभोक्ताहरू मध्ये म स्वयम् भएको कारण उक्त क्षेत्रबाट तथ्याङ्क प्राप्त गर्न सजिलो अवस्था भएको हुँदा यस क्षेत्रलाई छनौट गरिएको हो ।

२) पृथ्वीनगर गा.वि.स.मा अवस्थित यस खरखरे सामुदायिक वन उपभोक्ता समितिको वर्तमान कार्य समितिमा ११ जना पदाधिकारीलाई संगणना विधि (Census Method) बाट छनौट गरिएको छ ।

खरखरे सामुदायिक वनमा आवद्ध जम्मा घरधुरी संख्या २,९११ रहेका छन् जसमा नमुना छनौटमा परेका १५० घरधुरी अर्थात् १ देखि ९ वडाका क्रमशः ६.०६, ५.४१, ५.४६, ५.३०, ४.५३, ५.३३, ५.७७, ५.५५, ७.३१ प्रतिशत गरी५.१५ प्रतिशतलाई नमुनाको रुपमा छनोट गरियो ।

तालिका नं. ३.१

जनसङ्ख्या र नमुना छनौट

| क्र.सं. | वडा नं | घरधुरी संख्या | नमुना छनौट | प्रतिशत |
|---|---|---|---|---|
| १ | १ | १९८ | १२ | ६.०६ |
| २ | २ | २४० | १३ | ५.४१ |
| ३ | ३ | २३८ | १३ | ५.४६ |
| ४ | ४ | २२६ | १२ | ५.३० |
| ५ | ५ | ८८३ | ४० | ४.५३ |
| ६ | ६ | ३०० | १६ | ५.३३ |
| ७ | ७ | ३१८ | १८ | ५.७७ |
| ८ | ८ | २५२ | १४ | ५.५५ |
| ९ | ९ | १६४ | १२ | ७.३१ |
| | **जम्मा** | **२९११** | **१५०** | **५.१५** |

स्रोत : खरखरे सामुदायिक वनका कार्यालय, २०७१ ।

## ३.४ तथ्याङ्कको सङ्कलनका साधनहरू(Data Collection Tools)

यस अध्ययनलई पूरा गर्न प्रश्नावली, छलफल निर्देशिका अवलाकेन फारम गरी ३ वटा विधिहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि उपभोक्ता समितिको टोलीमा सूचिकृत तथा टोली बाहिरको उपभोक्ताहरूलाई प्रश्नावली निर्माण गरी प्रश्न सोधेर लिखित जवाफ लिइएको छ । कार्य समितिका पदाधिकारी तथा उपभोक्तालाई समेत आवश्यकता अनुसार अन्तर्वार्ता लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनकर्ताले स्थलगत अध्ययनमा देखे भेटेका कुरालाई अवलाकेन जाँच सुचिमा टिपोट उठाई ल्याएर उक्त तथ्याङ्कलाई पनि आवश्यकता अनुसार अध्ययनमा समावेश गरिएको छ भने सहायक तथ्याङ्कको लागि आवश्यक साहित्यलाई पुस्तकालय अध्ययन विधिबाट सङ्कलन गरिएको छ ।

### ३.४.१ प्रश्नावली(Questionnaire)

अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा सम्बन्धित क्षेत्रका खरावरे सामुदायिक वन उपभोक्ताहरूलाई छुट्टाछुट्टै प्रश्नावली तयार गरी व्यक्तिगत रपमा सबैलाई प्रश्नको उत्तर भर्न लगाई तथ्याङ्क लिइएको थियो । प्रश्नावलीको नमुना अनुसूची १, २, ३, ४ मो देखाइएको छ ।

### ३.४.२ अवलोकन फारम (Observation Form)

अध्ययनको उद्देश्यलाई पूरा गर्न अध्ययनकर्ता स्वयम् र सामुदायिक वनका अध्यक्षलाई लिएर सामुदायिक वनभित्र कटानी भएका रुखहरू स्थानको प्रत्यक्ष अध्ययन क्षेत्रमा गई अवलोकन गरिएको छ ।

### ३.४.३ छलफल निर्देशिका (Discussion Guide)

यस खरखरे सामुदायिक वन उपभोक्ता समूहको आम्दानीका स्रोतहरू लगानीका क्षेत्रहरू, आर्थिक तथा शैक्षिकक्षेत्रमा पुऱ्याएको योगदान का साथै यस समूहका कमीकमजोरी र यसलाई अझ प्रभावकारी बनाउनका लागि गर्नुपर्ने उपायहरूको सङ्कलनको लाग कार्यसमितिको पदाधिकारी एवम् नमुना छनोटमा परेका उपभोक्ताहरूसँग छलफल गरीआवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रविधि (Techniques of Data Collection)

अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त प्रयोग गरिएका प्राथमिक तथ्याङ्क सङ्कलनका औजारहरू यस प्रकार रहेका छन् :

### ३.५.१ अन्तर्वार्ता (Interview)

अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई छनौटमा परेका वनका अध्यक्ष र उक्त वनमा संलग्न तथा असंलग्न व्यक्तिहरूलाई प्रत्यक्षरूपमा भेट गरिएको थियो र आफ्नो अध्ययनको उद्देश्यहरू प्रष्ट पार्दै आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि सहयोग

गरिदिन आग्रह गरिएको थियो । निर्माण गरिएको साधनको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गर्न उनीहरूसँग आमुन्ने सामुन्ने बसी अन्तर्वार्ता लिइएको थियो ।

### ३.५.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नाका लागि यस सामुदायिक वन भित्र गई कटानी भएका रुखहरू, वृक्षारोपण गरिएको र वनको संरक्षण तथा सम्वर्द्धनका प्रयासहरूको अवलोकन गरिएको थियो साथै सामुदायिक वनले स्थानीय विकासमा पुऱ्याएको योगदानको समेत अवलोकन गरिएको थियो ।

### ३.५.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देश्य पूरा गर्ने शिलशिलामा अनुसन्धाकर्ता स्वयम् उपस्थित भई आफ्नो अध्ययन क्षेत्र खरखरे सामुदायिक वनमा आवद्ध उपभोक्ताहरू मध्ये नमुना छनोटमा परेका उपभोक्ताहरू १०/१० जनाको दुईसमूह बनाई सामुदायिक वनको भवनभित्र मिति २०७२/०५/०५ र ०६ गते २/२ घण्टाको समय निर्धारण गरी अध्ययनकर्ता स्वयम्ले छलफल सञ्चालन गराई व्यवस्थापन समितिका सदस्यहरूको सहयोगमा उत्तर टिपोट गरिएको थियो । यसरी टिपेको उत्तर विश्लेषण गरी त्यसबाट आवश्यक तथ्याङ्क सङ्कलन गरियो । यो छलफल गर्दा लक्षित समूह छलफल निर्देशिका र छलफलका लागि प्रश्न पत्र निर्माण गरिएको थियो ।

## ३.६ अध्ययन क्षेत्र (Study Area)

पूर्वाञ्चल विकास क्षेत्र, मेची अञ्चल झापा जिल्ला पृथ्वीनगर गा.वि.स.मा रहेको खरखरे सामुदायिक वनलाई अध्ययन क्षेत्र अन्तर्गत लिइएको छ।

## ३.७ तथ्याङ्क विश्लेषणको तौरतरिका (Data Analysis and Interpretation)

यस अनुसन्धानमा आवश्यक तथ्याङ्क सङ्कलन गरिसकेपछि तथ्याङ्कलाई विश्लेषण गर्न प्राप्त तथ्याङ्कहरूलाई उद्देश्य अनुसार विभिन्न ढाँचामा साङ्केतिकरण तथा तालिकीकरण गरिएको छ । तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । संख्यात्मक तथ्याङ्कलाई सामान्य तथ्याङ्ककीय विधिको प्रयोग गरी विश्लेषण गर्नुका साथै आवश्यकता अनुसार तालिकाहरूमा प्रस्तुत गरिएको छ। प्रस्तुततिकरणको सहजताका लागि उद्देश्य अनुरूप तथ्याङ्कलाई विभिन्न शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

# अध्याय चार(CHAPTER FOUR)

## ४. परिणामको विश्लेषण र प्रस्तुतीकरण (Analysis and Interpretation of the Result)

यस अध्ययनमा प्राथमिक तथा सहायक स्रोतबाट संकलित तथ्याङ्कलाई उद्देश्य अनुसार प्रस्तुत गर्दै विभिन्न तालिकामा देखाई विषयवस्तुलाई व्याख्या विश्लेषण गरिएको छ त्यस अध्यायलाई सरलीकृत गर्न तथ्याङ्कलाई विभिन्न एकाई तथा उप-एकाईहरूमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ अध्ययनको क्षेत्रको परिचय(Introduction of the Study Area)

पूर्वाञ्चल विकास क्षेत्रको पूर्व दक्षिणमा पर्ने झापा जिल्ला स्थित पृथ्वीनगर गा.वि.स. अन्तर्गत पर्ने खरखरे सामुदायिक वन उपभोक्ता समूह यस अनुसन्धाको अध्ययन क्षेत्र भएको हुँदा उक्त क्षेत्रको संक्षिप्त परिचय यस प्रकार उल्लेख गरिएको छ ।

#### ४.१.१ झापा जिल्लाको परिचय (Introduciton of Jhapa District)

झापा जिल्ला पूर्वाञ्जचल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने तराइको एक जिल्ला हो । झापा जिल्ला नेपालको सूदुर पूर्वमा अवस्थित छ । भारतसँगको पूर्वी नाकालाई यसै जिल्लो जोडेको छ ।झापा जिल्ला पूर्ण रूपमा तराइमा पर्दछ । यसको उत्तरी सीमाना इलाम, पूर्वी सीमाना मेचि नदि -जुन नेपालको पनि पूर्वी सिमाना हो) । पश्चिममा मारङ्ग र दक्षिणमा विहार पर्दछ । यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो जुन अध्ययन क्षेत्र भन्दा २६ कि.मि. उत्तर पूर्वमा पर्दछ (सहकारी विभाग, २०७१) ।

पहिलो झापा जिल्लाको सम्पूर्ण प्रशासनिक कार्य मोरङ गोश्वाराले हेर्ने गर्दथ्यो । पछि उक्त मोरङ गोश्वारा हालको कभरखोद गा.वि.स.मा झापा बजार नामले नै

चिनिन्छ । तसर्थ त्यसै झापा गाउँको नामबाटै यस जिल्लाको नामाकरण “झापा” हुन गएको भन्ने भनाई छ (जि.वि.स., २०७१) ।

यस जिल्लालाई अधिकांश भू-भाग वनजङ्जगले ढाकिएको वा झागिएकोले पनि यस क्षेत्रको नाम “झापा” रहन गएको भन्ने भनाई छ प्रचलित छ । वि.सं. २००७ साल पश्चाचत् नेपालको प्रशासनिक विभाजन भएपछि झापा जिल्लाको सदरमुकाम चन्द्रगढी गा.वि.स. मा सारियो र हाल यो जिल्लाको सदरमुकाम भद्रपुर नगरपालिका अन्तर्गत पर्दछ (सहकारी विभाग, २०७१) ।

भौगोलिक रूपमा झापा जिल्ला ८६ डिग्री १२ मिनेट पूर्वी देशान्तर र २६ डिग्री ५ मिनेट उत्तरी आक्षाशंमा अवस्थित छ । यो जिल्ला सामुन्द्रिक सतहदेखि न्यूनतम ६३ र अधिकतम ३८० मीटरको उचाइमा रहेको छ । यस जिल्लाको हावापानी जाडो मौसमा धेरै जाडो र गर्मी मौसम अर्थात् चैत बैशाखको समयमा अधिकतम ३८ डिग्री सेल्सीयस र न्यूनतम १५ डिग्री सेल्सीयससम्म पुग्छ भने जाडो मौसम अर्थात् पुस माघ महिलनामा अधिकतम २८ देखि १० डिग्री सेल्सीयससम्म तापक्रम हुने गर्दछ । असार-सान महिनामा भने वर्षा अधिक हुने गर्दछ । यस जिल्लाको कुल क्षेत्रफलको ९३ दशमलव ९० प्रतिशत भूमि कृषि व्यवसायको लागि एकदमै उपयुक्त छ । कुल क्षेत्रफलको १० दशमलव ३० प्रतिशत भूमिमा वन क्षेत्र रहेकउो छ भने १ दशमलव ३० प्रतिशतमा नदिनालाहरू रहेका छन् । शुन्य दशमलव ३० प्रपितशत भूमिमा चियाखेती रहेको छ (जि.वि.स., २०७०) ।

यस जिल्लामा१ लाख ३७ हजार ३०१ घर परिवार रहेका छन् भने कुल जनसङ्ख्या ६ लाख ८८ हजार १०९ रहेको छ । यस मध्ये ३ लाख ४१ हजार ६७५ अर्थात् ४९ दशमलव ६६ प्रतिशत पुरष र ३ लाख ४६ हजार ४३४ अर्थात कुल जनसङ्ख्याको ५०.४३ प्रतिशत महिला रहेका छन् । यहाँ जनघनत्व प्रति वर्ग कि.मि. ४२८ जना रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर १.८ प्रतिवर्ष र साक्षरता दर ६७.१० प्रतिशत छ । यहाँका जनसंख्यामा जातीय, धार्मिक तथा अन्य रूपमा विविधता पाइन्छ । उत्तरी क्षेत्र अर्थात् इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लाबाट जिल्लाको उत्तरी

भेगमा बसाई सरेर आउनेको संख्या बढ्दो छ । यस कारण यहाँको जनसङ्ख्यामा पनि थोरै समयमा परिवर्तन आइरहने गर्दछ । यो जिल्लाको उत्तरी भेगमा ब्राह्मण, क्षेत्री, नेवार, राई लिम्बु, गुरुङ, मगर, कामी, दमाई आदि जातिहरूको वाहुल्यता छ भने दक्षिणी भेगतिर मुख्य गरेर तराई छ मुलका राजवंशी, चौधरी, सन्याल (सतार), धिमाल, मेचे, कोचे, आदि जातिहरूको वाहुल्यता रहेको छ । अर्थात्, प्रायः गरेर सबै अलगअलग मातृभाषा रहेको छ, भने धार्मिक रूपमा पनि विविधता रहेको छ ( जि.वि.स., २०७०) ।

### ४.१.१.१ **भौगोलिक स्थिति (Geographical Situation)**

भौगोलिक दृष्टिकोणबाट जिल्लालाई २ भागमा बाड्न सकिन्छ । पहिलो उत्तरतर्फको भिरालो प्रदेश वा भावर प्रदेश पहाडबाट बगेर आएका नदिहरूले तराईका समतल फाँट सम्म बगाएर ल्याएको चट्टनाी माटो थुपारी बनेको क्षेत्र भावर प्रदेश हो । यो भाग चुरे पर्वतको छेउमा अवस्थित छ र यसले करिव ५० प्रतिशत भू-भाग ओगटेको छ । दोस्रो : दक्षिणको तराई प्रदेश भावर प्रदेशमा आएर सुकेका नदिहरूले यहााको तटवर्ती जग्गालाई सिचित गरेको छ । यस प्रदेशको माटो मलिलो छ, जसले ५० प्रतिशत भू-भाग ओटगेको छ (सरकारी विभाग, २०७१) ।

झापा जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र भित्र पर्ने एक विकसित जिल्ला हो । मानव विकास सूचकाङ्कमा झापा जिल्ला नेपालको तेस्रो स्थानमा रहेको छ । यस जिल्लाको सदरमुकाम चन्द्रगढी महेन्द्र राजमार्गको विर्तामोडबाट १३ कि.मि. दक्षिणमा पर्दछ । यहाँको भौगोलिक स्थिति २६ डिग्री २० मिनेट देखि २६ डिग्री ५० मिनेट उत्तरी आक्षांश र ८७ डिग्री ३९ मिनेट पूवमी देशान्तर रहेको यस जिल्लाको क्षेत्रफल १,६०६ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाकोसिमाना लाई हेर्दा पूर्वपट्टि बंगाल भारत, पश्चिममामोरङ जिल्ला, उत्तर पट्टि इलाम जिल्ला र दक्षिणमा विहार भारत रहेको छ (जि.वि.स. झापा, २०७१) ।

### ४.१.१.२ भू–उपयोग (Land Utilization)

यस जिल्लाको कूल क्षेत्रफल १,५९,९०२ हेक्टर रहेको छ । यस क्षेत्रमा कुल खेतीयोग्य जमिन सबै भन्दा बढी क्षेत्रफल ओगटेको पाइन्छ भने चरण क्षेत्रले सबैभन्दा कम क्षेत्रफल ओगटेको पाइन्छ । यस जिल्लालाई धान उत्पादनको दृष्टिकोणले नेपालकै एक उत्कृष्ट जिल्लाको रूपमा चिनिन्छ ।

**तालिका ४.१**

**झापा जिल्लाको भू–उपयोग, २०७१**

| क्र.सं. | विवरण | क्षेत्रफल(हेक्टरमा) | कुल क्षेत्रफल (%मा) |
|---|---|---|---|
| १ | कुल खेतीयोग्य जमिन | ९९,७१६ | ६३ |
| २ | वन जङ्गलले ढाकिएको क्षेत्र | १९,४५९.२ | १२ |
| ३ | चरणले ढाकिएको क्षेत्र | १,७४३ | १ |
| ४ | बसोवास गरिएको क्षेत्र | २०,९८२ | १३ |
| ५ | नदिनाला, भिरपाखा र अन्य | १८,००२ | ११ |
| | जम्मा | **१५९९०२** | **१००** |

स्रोत : जि.वि.स. प्रोफाइल, २०७१ ।

माथिको तालिकाबाट झापामा कुल भू-भाग मध्ये ६३ प्रतिशत भू-भाग कृषियोग्य भूमि रहेको, वनजङ्गलले १२ प्रतिशत चरण क्षेत्रले ढाकिएको१ प्रतिशत, बसोवास गरीएको १३ प्रतिशत तथा नदिनाला, भीरपाखा र अन्यले ओगटेको क्षेत्र ११ प्रतिशत रहेको छ ।

### ४.१.१.३ शैक्षिक अवस्था(Educational Status)

शिक्षा समाज परिवर्तनको एउटा स्वरूप हो । जसले समाजलाई अगाडी बढाई विकासको बाटो तर्फ उन्मुख गराउँछ र शिक्षाले समाजमा बसोवास गर्ने

मानिसहरूलाई अध्यारोबाट उज्यालो घाम तर्फ अभिप्रेरित गर्न सिकाउँछ । झापा जिल्ला अन्य जिल्लाको तुलनामा शैक्षिक दृष्टिकोणले नेपाल अधिराज्यको अग्र पङ्क्तिमा रहेको जिल्ला हो ।

**तालिका ४.२**

**झापा जिल्लाको शिक्षाको अवस्था, २०७१**

| क्र.सं. | वडा नं | घरधुरी संख्या | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | पूर्व प्रा.वि. | ६२२ | ३१२७५ |
| २ | प्रा.वि. | ३२९ | ११७५९६ |
| ३ | नि.मा.वि. | १०९ | ५३४३३ |
| ४ | मा.वि. | १५३ | २८४१८ |
| ५ | सामुदायिक विद्यालय | ३५९ | – |
| ६ | संस्थागत विद्यालय | ३९० | – |
| ७ | क्याम्पस | १८ | – |
| ८ | सामुदायिक अध्ययन केन्द्र | ६ | – |
| ९ | मदरसा | ५० | – |
| १० | स्रोतकेन्द्र | १७ | – |
| ११ | गुरुकुल आश्रम | १४ | – |
| १२ | साक्षरता दर (१५ वर्ष माथि) | ७५.१२ | – |

स्रोत : जि.वि.स. प्रोफाइल, २०७१ ।

माथिको तालिकामा झापा जिल्लाको शैक्षिक अवस्थालाई विश्लेषण गर्ने प्रयास गरिएको छ । विद्यालय उमेर पूरा गर्नु पूर्व विद्यार्थीहरूलाई पूर्व प्राथमिक विद्यालयमा शिक्षण गर्ने व्यवस्था प्रायः सबै सामुदायिक विद्यालयमा रहेको छ । यस जिल्लामा पूर्व प्रा.वि.को संख्या ६२२ छ भने त्यसमा अध्ययनरत विद्यार्थीसंख्या ३१२७५ रहेकोपाइन्छ ।

त्यसै गरी प्रा.वि.को संख्या ३२९ मध्ये १,१७,५९६ विद्यार्थी संख्या रहेको छ भने निम्नमाध्यमिक विद्यालयहरू १०९ वटा छन् भने त्यसमा अध्ययनरत विद्यार्थी संख्या ५३,४३३ रहेको पाइन्छ भने माध्यमिक विद्यालयको संख्या १५३ रहेको छ भने विद्यार्थी संख्या २८४१ रहेको छ । त्यसैगरी मदरसा विद्यालयको संख्या ५० छ भने गुरुकुल आश्रमको संख्या १४ रहेको छ  भने झापा जिल्लामा १७ वटा स्रोतकेन्द्रहरू रहेको पाइन्छ ।

### ४.१.१.४पेशागत अवस्था (Occupational Condition)

मानिसले आफ्नो जीविकापार्जनका लागि अंगालेको व्यवसाय नै पेशा हो । झापा जिल्ला आर्थिकरूपले नेपालको एक सवल जिल्ला पर्दछ । यस जिल्लाका मानिसहरू विभिन्न पेशामा अवद्ध भएको पाइन्छ ।पेशाले मानिसहरूको जीवनस्तर माथि उठाउने काम गर्दछ । जसले गर्दा आफ्नो जीवन सुखमय बनाउन सुखमय बनाउन सहयोग गर्दछ । जिल्लाको पेशागत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.३**
**झापा जिल्लाको पेशागत अवस्था, २०७१**

| क्र.सं. | वडा नं | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कानुनविद्, उच्च पदस्थ कर्मचारी र व्यवस्थापन | ४,३६६ | १.६०३ |
| २ | व्यवसायी | ७,४७९ | २.७९ |
| ३ | प्राविधि र संगठनात्मक व्यवस्थापन | ४,२२७ | १.५८ |
| ४ | कार्यालय सहायक | ५,३८३ | २.०० |
| ५ | सेवाप्रदायक, पसले तथा बजार प्रतिनिधि | ३३,९५६ | १२.६७ |
| ६ | दक्ष र अर्ध दक्ष कृषि वन र माछा व्यवसायी | १,१५,८०९ | ४३.२० |
| ७ | काष्ठकला कर्मीहरू | २,६२,१३१ | ९.७५ |
| ८ | मेकानिक | ५,५६७ | २.०५ |
| ९ | अन्य व्यवसायी | ६४,९०३ | २४.२० |
| १० | उल्लेख नभएका | २७१ | ०.१० |
|  | जम्मा | २,६८,०९४ | १०० |

स्रोत : जि.वि.स. झापा, २०७१ ।

माथिको तालिका अनुसार झापा जिल्लामा कृषिजन्य व्यवसाय अँगाल्ने मानिसहरूको सङ्ख्या अत्यधिक रहेयको कुरा प्रष्ट पारिएको छ । जसमा क्रमशः कृषि, वन र माछा व्यवसायी, अन्य व्यवसायी, सेवा प्रदायक, पसले तथा बजार प्रतिनिधि, काष्ठकला कर्मीहरू, मोकानिक, कार्यालय सहायक रहेको कुरा तालिकाले प्रष्ट्याएको छ ।

### ४.१.२ पृथ्वीनगर गा.वि.स.को परिचय (Introduction of Prithivinagar VDC)

पृथ्वीनगर गा.वि.स. झापा जिल्लाको एक नमुना गा.वि.स. मध्येको नमुना गा.वि.स. हो । कृषि उत्पादनको दृष्टिले उत्कृष्ट माटो भएको गा.वि.स. हो । कृषि उत्पादनको दृष्टिले उत्कृष्ट माटो भएको गा.वि.स हो । जिल्ला सदरमुकामबाट १२ कि.मि. दक्षिणमा रहेको यस गा.वि.स.को उत्तरमा नेपालको चारकोशे जंगलले परिचित वन रहेको छ । यस गा.वि.स.को उत्तरी सीमाना जलथल गा.वि.स. दक्षिणमा पथरिया गा.वि.स. पूर्वमा बालुवाडी गा.वि.स. र पश्चिममा राजगढ गा.वि.स. रहेको छ । अध्ययनको सहजताको लागि गा.वि.स. रहेको छ । अध्ययनको सहजताको लागि उक्त गा.वि.स.लाई विभिन्न सह-एकाइहरूमा उल्लेख गरिएको छ (गा.वि.स., २०७१) ।

#### ४.१.२.१ सामाजिक स्वरूप एवम् धार्मिक सम्पदा (Social Structure and Religious Treasure)

विभिन्न ठाउँबाट पुनर्वास क्षेत्रमा बसोवास गर्न आएका मानिसहरूअलग अलग धर्म, संस्कृति, जातिय संस्कार, परम्परा आ-आफ्नै भाषा, लिपि, संस्कार, संस्कृति तापनि विविध रूपले आफ्नो भाषा, लिपि, संस्कार, संस्कृति आदि जोगाउने आ-आफ्ना चाडपर्व विधिवत् मनाउने कुरामा सबैमा पारस्परिक सद्भाव, सहयोग, समभावद्वारा संरक्षण सम्बवर्द्धन हुँदै आएका र त्यसलाई अझै मूर्तरूप दिने उद्देश्यले सबै जातजातिले यसै गा.वि.स. वार्डै नं. ५ कमलधापमा, कमलधचाप संयुक्त धार्मिक स्थल निर्माण गरी ऐतिहासिक कार्यको परिचय दिएका छन् । हाल लगभग ५ विगाह जमिनमा फैलिएको यो स्जानमा मगर, गुरुङ, राई, लिम्वु, तामाङ, सन्थाल, भूजेल,

क्षेत्री, ब्राह्मण आदि जातिहरूका आ-आफ्नै धार्मिक जातिय पर्व धुमधामसँग मनाउने परम्पराको सुरुवात भएको छ । सबैले आ-आफ्ना मान्यतालाई धर्मनिरपेक्षताको पहिचान दिएर एकै ठाउँमा शान्ति पूर्वक मनाउनाले यो स्थल नेपालकै उदाहरणीय स्थल बनन पुगेको पर्यवेक्षकहरू बताउँछन् । यसै गरी यस गा.विप.स.मा रहेको अर्को ऐतिहासिक धार्मि, पुरातात्विक स्थल किचकवधको सम्वर्धन प्रंवर्धन गर्दै पर्यटकीय स्थलकोरूपमा विकसा गर्न गा.वि.स. ले संरक्षण समितिको निर्माण गरी पर्यटकीय पूर्वाधार अनुरूपको काम गरिरहेको छ । यसमा सामुदायिक भवन निर्माण, खाने पानी, स्विमिङ पुल, पोखरीको उचित व्यवस्थापनको साथै नेपाल सरकार पुरा तत्व विभागबाट उत्खनन् कार्य, 'किच्चकबध स्मारिका' प्रकाशन आदि कार्य सम्पन्न भइसकेका छन् । हिन्दुहरूको महान ग्रन्थ महाभारतमा उल्लेख गरिएको, जोाडिएको यो महत्त्वपूर्ण स्थल किच्चकबध राष्ट्रि सम्पादा सूचीमा समेत समावेश गरिएको छ ।

### ४.१.२.२ **शिक्षा र संस्कृति(Education and Culture)**

शिक्षाको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा यस गा.वि.स.को वार्ड नं. ८ मा जनक्रमबाट स्याउले टहरो बनाई पठन पाठन सुरु गरेको पाइन्छ । अहिलेको हिमाली उच्च मा.वि. स्याउले टहरो थियो । अहिले आएर यस क्षेत्रमा निजी, सामुदायिक गरी डेढ दर्जन विद्यालयहरू सञ्चालनमा रहेतापनि शिक्षाको मुटु हिमाली उच्च मा.वि.लाई नै मान्नु पर्छ । यस गा.वि.स.मा तीन उच्च मा.वि., चार वटा मा.वि. र अन्य प्रा.वि.हरू मिलाएर डेढ दर्जन बढी विद्यालयहरू सञ्चालनमा छन् । शिक्षालाई मानव जीवन को अभिन्न अङ्ग मानेर अगि बढेको यो गा.वि.स.को साँस्कृतिक स्वरूप पनि त्यतिकै बलियो छ । प्रत्येक जान जातिले आ-आफ्नो संस्कृति संरक्षण गर्ने क्रममा लुप्त रहेका लिपि, जातीय भाषा, बाध बादन, नृत्य भेषभुषा आदिको खुल्ला रूपले अन्वेषण, खोज गरी संस्कृतिको संरक्षण सम्बर्धन गर्ने कुरामा लागि परेका छन् ।

### ४.१.२.३ **आर्थिक स्रोत(Economical Sources)**

नदी, जङ्गल जस्ता प्राकृतिक सम्पदा भएर पनि आर्थिक रूपमा पिछडिएको यो गा.वि.स.लाई आर्थिक समृद्धि तर्फ अग्रसर गराउन यहाँका युवा युवतीहरूको

बैदेशिकरोजगार नै मुख्य स्रोत बनेको छ । यो तीतो यथार्थलाई ढाक छोप गर्न मिल्दैन । यो सँगै वार्ड नं. १, २ र ३ को वन समितिबाट पनि जङ्गलको आर्थिक उपलब्धीलाई वार्ड कै विकास कार्यमा लगाउने गरिएको छ भने अन्य आय श्रोतहरूमा अदुवाखेती, चिया खेती, बँगुर पालन, वाखा पालन, माई पालन आदिका साथै कोदो, मकै धान, तोरबी यहाँका मुख्य बाली हुन् । माछा पालन, कुखुरा पालन पनि यहाँ व्यवसायिक रूपले गरेको पाइन्छ

### ४.१.२.४ **स्वास्थ्य चौकी(Health Post)**

अधिकांश जनता अझै पनि आर्थिक व्ययभार टाढा गएर स्वास्य लाभ लिन असक्षम रहेकाले ती जनताहरूलाई यथेष्ट स्वास्थ्य सेवा पु¥याएर आफ्नो दायित्वमा स्वास्थ्य चौकी पूर्ण सफल रूपमा सञ्चालित देखिन्छ । सर्वसाधारण जनतासँग प्रत्यक्ष सरोकार रहने यो संस्था कर्मचारीको शालिन कार्यशैलीमा पनि भर पर्छ यस कुरालाई मध्यनजर गरेर नै सायद यो स्वास्थ्य चौकी जिल्लाको उत्कृष्ट श्रेणीमा परिभाषित भएको छ ।

### ४.१.२.५ **सीमा प्रहरी चौकी(Boarder Police Station)**

भारतीय सीमाबाट चोरी निकासी नियन्त्रण गर्ने उद्देश्यले यउस गा.वि.स.को स्कुलडाँडा नजिक (ने.पु.क. रहँदै स्थापना गरिएको सीमा प्रहर्र चौकी जनयुद्धताका जिल्ला तिरै गएको र पछि देशको स्थिति साम्य भएपछि फिर्ता आई हाल सोमबारे पूर्व ने.पु.क.को पुरानो कायाएलय रहेको स्थानमा अवस्थित छ । यसबाट पृथ्वीनगर गा.वि.स.बाट सीमा-पार चोरी निकासी हुने कुराको नियन्त्रण गर्ने समाजका विकृती, विसंगतिहरूको नियन्त्रणका लागि जनतासँग परामर्श लिई यस गा.वि.स.लाई शान्ति शुरक्षाकोप्रत्याभूति दिलाएको छ । विकृतिजन्य कुराहरूमा केही हदसम्म नियन्त्रण हुनु अहिलेको परिवेशमभा ठूलै उपलब्धी मान्नुपर्छ ।

### ४.१.२.६ खानेपानी अवस्था(Condition of Drinking Water)

यो गा.वि.स.केहि उचाइमा रहेकोले इनार खन्दा पानी नआउने र कल गाड्दा पनि ५०-६० फिटमा मात्र पानी आउने भएकोले यहाँ पानीको ठूलै समस्या रहेको छ। यसर्थै खानेपानी आयोजनाले ७ नं. वार्ड सोमबारे र वार्ड नं. ५ गौरीशंकरमा खानेपानी ट्याङ्कीको व्यवस्था गरेको छ तर प्राविधिक लापरवाहीले दुवै पानी ट्याङ्कीहरू असफल भएकाले अर्को विकल्पमा प्रत्येक जसो घरमा आधार इन्च देखि दुई इच्छ सम्मका माटेर जडान गरी खानेपानीको समस्या समाधान गरिएको छ।

### ४.१.२.७साना किसान सहकारी(Small Farmer Co-operative)

यस गा.वि.स.मा २०२९/०३० साल देखि नै साझा संस्थाले कृषि क्षेत्रमा निरन्तर काम गर्दै आएता पनि साझाको अवधारणा साना किसान सहकारीमा परिणत भएर अहिलेकपो नयाँ प्रविधियुक्त युगमा समय सापेक्ष वैज्ञानिककीकरणद्वारा किसानहरूमाआर्थिक उन्नति गर्ने उद्देश्यले साना किसान सहकारी संस्था पृथ्वीनरगरको सहकारीको सिद्धान्तलाई अङ्गिकार गरेर चमत्कारपूर्ण्ढा रूपले परिचालन गरी छोटै अवधिमा जिल्लाको सर्वोत्कृष्ट सहकारकिो रूपमा आफूलाई स्थापित गरेको छ। यस संस्थाद्वारा फस्टाउँदै गरेको चिया खेति विकास क्रममा धेरै अगाडि पुगी सकेको छ भने चिया खेतिको लक्ष्यलाई साकार पार्न चिया फैक्ट्रीको पनि निर्माण गरी अहिले सञ्चालनमा रही सफल रूपमाकार्य गरिरहेको छ। जसले गर्दा रोजगारीको सृजना र कृषकलाई चिया खेतीगर्नका लागि उत्प्रेरणा जगाएको छ।

राजनैतिक वृत्तमा उभिएर आ-आफ्नो विचार र सोचमात्र लाद्न खोज्ने प्रवृत्ति विकासको घातक अवरोध बन्ने गर्छ। यसको परिणाम सर्वसाधारण जनतामा गा.वि.स.को बजेट निरर्थक र दुष्प्रभाव मुलक बन्छ। यस कुरालाई राजनीतिक दलका गाउँ स्तरीय नेताहले राम्ररी महसुस गरेर जनतामा बजेटको सकारात्मक प्रभाव परे नपरेको ख्याल गर्नुपर्ने हुन्छ। अनि मात्र जनताको लागि राजनीतिक गरेको ठहरिन्छ। यस अर्थमा पृथ्वीनगर गा.वि.स.को धार्मिक संघ संस्था, विद्यालय, साहित्य, संस्कृति, खेलकुद आदिको वृद्धि नै गा.वि.स.को उज्ज्वल भविष्य सम्झदै गा.वि.स. सन्यन्त्रले

तनाव मुक्त भएर सन्तुलित बजेट व्यवस्थापन गर्न सकेमा गा.वि.स. प्रति सबैको सद्भाव सदैव कायम रही रहन्छ ।

## ४.२ नमुना छनौटमा परेका उपभोक्ताको जनसांख्यिकीय अवस्था (Demographical Condition of Sampled Forest User)

पृथ्वीनगर गा.वि.स.को कुल जनसङ्ख्या १४,४१८ रहेको छ । गा.वि.स.मा कुल घरधुरी संख्या २ हजार ९ सय ११ रहेको छ । १४,४१८ जनसंख्या मध्ये पुरुष ७४,५५ र महिलाको संख्या ६,९६३ रहेको छ । तलको तालिकाबाट प्रत्येक वडामा रहेको जनसंख्या र परिवार संख्या हेर्न सकिन्छ (गा.विस.स. २०७१) ।

**तालिका नं. ४.४**

**पृथ्वीनगर गा.वि.स.को वडागत जनसङ्ख्याको वनावट, २०७१**

| वडा नं | कुल जनसङ्ख्या | घरधुरी संख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | १,१०७ | १९८ | ५९० | ५१७ |
| २ | १,१४० | २४० | ५७६ | ५६४ |
| ३ | १,१६५ | २३८ | ६०४ | ५६१ |
| ४ | १,५८१ | ३२६ | ८२५ | ७५६ |
| ५ | ४,०६० | ८८३ | २१०६ | १९५४ |
| ६ | १,४४१ | ३०० | ७६१ | ६८० |
| ७ | १,७१९ | ३१८ | ८५५ | ८६४ |
| ८ | १,३२८ | २५२ | ६९५ | ६३३ |
| ९ | ८७७ | १६४ | ४४३ | ४३४ |
| **जम्मा** | **१४,४१८** | **२, ९११** | **७,४५५** | **६,९६३** |

स्रात : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकालाई हेर्दा वडा नं. ५ मा ४०६० जनसंख्या रहेकोले यो कुराको पुष्टि गर्दछ की वडाका अन्य वडा भन्दा वडा नं. ५ मा जनघनत्व बढी र सबैभन्दा कम जनसंख्या वडा नं. ९ मा ८७७ जनसङ्ख्या रहेकोले कम जनघनत्व रहेयको वडा मान्न सकिन्छ ।

## ४.२.१ जातीगत जनसङ्ख्या(Castwise Population)

हाम्रो राष्ट्रिमानमा नै भरिएको छ, बहुजाती, बहुभाषी, भाषा, धर्म, संस्कृति छन् विशाल भनेजस्तै, बहुजातिय, बहुभाषिकय, बहुधार्मिक, बहुसँस्कृतिक देश भए भै पृथ्वीनगर गा.वि.स.मा पनि जातिय विविधताले भरिपूर्ण रहेको छ । यस गा.वि.स.मा १८ जातीका मानिसहरूको बसोवास रहेको छ । तलको तालिकाबाट पृथ्वीनगर गा.वि.स.को प्रत्येक वडा अनुसारको जातीय जनसंख्याको संरचना दिइएको छ ( गा.वि.स., २०७१)

**तालिका ४.५**

**पृथ्वीनगर गा.वि.स.को वडागत पारिवारिक संरचना, २०७१**

| क्र.सं. | जातीहरू | वडाहरू | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | ब्राह्मण | ३२३ | २७६ | १३९ | २५८ | ८६८ | ३५६ | ५०८ | २८३ | २८६ | ३३२७ |
| २ | क्षेत्री | १३५ | ६५ | ६३ | २४९ | ४३९ | ३५ | २६८ | १३ | ९ | १२७६ |
| ३ | जनजाति | १२९ | १२ | ३५ | ११८ | १२७ | १२६ | ८६ | २२५ | १२५ | ९८३ |
| ४ | आदिवास | ८१० | ६६१ | ३४० | ५२९ | २९६ | ४२० | ६४५ | ५०० | २६० | ४४६१ |
| ५ | दलित | १३१ | ११७ | ६० | ७६ | २९१ | – | – | – | – | ६७५ |
| ६ | अन्य | ८६ | ८९ | ५३ | १६५ | ५२१ | २१० | १८१ | १३७ | १३७ | १६०९ |

स्रोत : पृथ्वीनगर गा.वि.स., २०७१ ।

तालिका अनुसार प्रत्येक वडाको जातीय आधारलाई हेर्दा पृथ्वीनगर गा.वि.स.मा आदिवासी (राजवंशी मैथिली, सन्थाल, थारु) आदि समुदायको वसोवास रहेको छ । यस

गा.वि.स.मा आदिवासी कै वाहुल्यता बढी रहेको छ भने दलित समुदायको बाहुल्यता कम रहेको पाइन्छ ।

### ४.२.२ पेशागत संरचना (Occupationwise Structure)

सामुदायिक वन समितिमा आवद्ध जनसंख्या मध्ये अधिकांश उपभोक्ताहरू कृषि पेशामा संलग्न देखिन्छन् ग्रामीण क्षेत्रमा बसोवास गर्ने भएकाले यहाँका अधिकांश उपभोक्ताहरूको जीविकोपार्जनको स्रोत नै कृषि क्षेत्र रहेको छ । कृषि पेशा बाहेक सेवा क्षेत्र, व्यापार, श्रमिक, वैदेशिक रोजगारी आदि रहेको छ ।

**तालिका ४.६**

**पृथ्वीनगर गा.वि.स.मा विभिन्न पेशामा संलग्न उपभोक्ताको विवरण, २०७१**

| क्र.सं | पेशा | घरधुरी संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि | ४० | ८,४३८ | २६.६६ |
| २ | सेवा | १० | ६७५ | ६.६६ |
| ३ | व्यापार | २० | ९,९९ | १३.३३ |
| ४ | श्रमिक | ३६ | २,२९७ | २४.०० |
| ५ | वैदेशिक रोजगार | ४४ | २००९ | २९.३३ |
| | **जम्मा** | **१५०** | **१४,४१८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ की पृथ्वीनगर गा.वि.स.को अधिकांश उपभोक्ताहरू बैदेशिकरोजगारमा नै सङ्लग्न रहेको पाइयो अर्थात्२९.३३ प्रतिशत उपभोक्ताहरू बैदेशिक रोजगारमा आबद्ध रहेको पाइयो । त्यसै गरी क्रमशः कृषि, श्रमिक व्यापार तथा सेवा २६.६६, २४.००, १३.३३ र ६.६६ रहेको पाइयो ।

## ४.२.३ **उमेरगत जनसङ्ख्या(Age Structure)**

अनुसन्धानको लागि जनसंख्या बनोटको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । अनुसन्धान कार्यका लागि विभिन्न उमेरका जनसंख्यालाई आधार बनाउनुपर्ने हुन्छ । कुनै क्षेबका केटाकेटीहरू, क्रियाशील व्यक्तिहरू र वृद्धहरूको जनसंख्याको अनुपात के कति छ सो अध्ययन गरमी यसकै आधारमा विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । सो क्षेत्रका जनसंख्यालाई स-साना उपसमूहमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । पृथ्वीनगर गा.वि.स. का बासिन्दाहरूको उमेरगत अवस्था यस्तो रहेको छ :

**तालिका ४.७**

**पृथ्वीनगर गा.वि.स.कोउमेरगत संरचना, २०७१**

| **वडा** | ०–५ | ६–१० | ११–१५ | १६–२४ | २४–४५ | ४५–६० | ६०–७५ | **७५ +** |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८७ | ९२ | ९२ | २५९ | ३७३ | १३८ | ६७ | १८ |
| २ | १५१ | ११८ | ११२ | २०६ | ३५८ | १२८ | ७३ | २२ |
| ३ | ११६ | ११२ | १०७ | १९१ | ४२३ | ११८९ | ९३ | २० |
| ४ | १०७ | १४७८ | १४६ | ३४२ | ५५३ | १७४ | ७७ | ४४ |
| ५ | २८८ | ३१९ | ३९२ | ७८८ | १४४१ | ४९८ | २६१ | ९२ |
| ६ | १३७ | १०८ | १३२ | २६२ | ५०८ | १७० | ९६ | २५ |
| ७ | १२६ | १४२ | १५७ | ३०९ | ६२४ | २९३ | ११५ | ३८ |
| ८ | ७७ | ९८ | १२२ | २७९ | ४८३ | १८३ | ९२ | ३४ |
| ९ | ७१ | ७७ | ९० | १७५ | ३०८ | ११० | ५३ | २५ |
| **जम्मा** | **११२६** | **१२१४** | **१३५०** | **१८११** | **५०७१** | **१७३२** | **९२१७** | **३१८** |

स्रोत : गा.वि.स. प्रोफाइल, २०७१ ।

माथिको तालिका अनुरूप यस अध्ययनक्षेत्रमा सक्रिय जनसंख्याको संख्या उल्लेख्य रूपमा रहेको छ । उमेर अनुसारको जनसंख्यालाई आठ भागमा विभाजन गरिएको छ ।

### ४.२.४शिक्षा (Educaiton)

पृथ्वीनगर गा.वि.स.मा प्रायः धेरै मानिसहरू साक्षर छन् । तलको तालिकाबाट यस गा.वि.स.को साक्षरता दर प्रष्ट हुन्छ ।

**तालिका ४.८**

**पृथ्वीनगर गा.वि.स.कोसाक्षरता दर, २०७१**

| वडा नं. | एस.एल.सी. वा सो सरह पास गरेको संख्या | प्रबिणता प्रमाणपत्र वा सो सरह पास गरेको संख्या | स्नातक वा सो सरह पास गरेको संख्या | स्नातकोत्तर वा सो सरह पास गरेको संख्या | विद्यावारिधी गरेको |
|---|---|---|---|---|---|
| १ | १११ | ३४ | ९ | १ | ० |
| २ | ९९ | ५४ | ९ | १ | ० |
| ३ | ८७ | ३० | ११ | ० | ० |
| ४ | २३८ | ९७ | ११ | २२ | २ |
| ५ | ४४६ | १८२ | १० | ० | ३ |
| ६ | २१० | ८२ | ८ | ५ | ० |
| ७ | ११४ | १५७ | ८१ | ३० | ० |
| ८ | ६ | ८६ | २४ | १० | ० |
| ९ | ९ | ४५ | १७ | ५ | १ |
| **जम्मा** | १,३२० | ७६७ | १८० | ७४ | ६ |

स्रात : पृथ्वीनगर गा.वि.स., २०७१ ।

तालिकाका अनुसार पृथ्वीनगर गा.वि.स.को शिक्षालाई ५ तहमा विभाजन गरिएको छ । जसमा एस.एल.सी. वा सो सरह पास गरेको, प्रविणता प्रमाणपत्र वा सो सरह पास गरेको, स्नातक वा सो सरत पास गरेको संख्या स्नाकोत्तर वा सो सरल पास गरेको र विद्यावारिधी पास गरेको सङ्ख्या गरी विभाजन गरिएको छ ।

### ४.२.५बजार (Market)

यस गा.वि.स.मा आइतबारे बजार, सोमबारे बजार, सगरमाथा, ज्ञानेचौक बजार, हिमाली बजारहरू हप्तामा २, २ दिन लाग्ने खालका बजारहरू रहेका छन् । दैनिक आवश्यकताका वस्तुहरूको उपलब्ध गराइ किनबेच हुने गर्दछ । नजिकको सिमाना भारतीय बजार भएकाले सामानहरू सस्तोमा पाइने हुँदा प्राय: स्थानीयहरू सामान खरिद गर्न कादुगाउँ, ठाकुरगञ्ज जस्ता भारतीय बजारबाट सामानहरू खरिद गरी आवश्यकता पूरा गर्ने गर्दछन् (स्रोत : गा.वि.स. प्रोफाइल, २०७१) ।

## ४.३ खरखरे सामुदायिक वनको वर्तमान अवस्था(Current Situation of Community Forest)

झापा जिल्ला पृथ्वीनगर गा.वि.स.मा अवस्थित खरखरे सामुदायिक वन उपभोक्ता समूह २०६० सालमा वन कार्यालय झापा विधिवत रूपमा स्वीकृत गरी ल्याइयो । वनलाई सुरक्षित (बचाउने) र जनताको जागरुकताका साथ यस वनलाई स्वीकृत गरी ल्याइयो । वनलाई सुरक्षित गर्नका लागि वनको चारैतिर तारजालि लगाई वन व्यवस्था गरियो । उपभोक्तालाई हप्ताको दुई दिन संरक्षित वन क्षेत्रमा गएर दाउरा सङ्कलन गरी ल्याउने व्यवस्था गरियो । उपभोक्ता समिति भित्र भएका व्यक्तिहरूलाई विरामी हुँदा उपचार खर्च, गोबरग्यास योजनामा सहयोग र अन्य केही रकमहरू पनि वन समितिले दिने व्यवस्था गरेको छ । त्यस्तै आगलागी, विवाह मरिमराऊ जस्ता समस्याहरूमा काठदाउरा सुलभ मूल्यमा उपलब्ध गराउने व्यवस्था गरिएको छ ( सामुदायिक वन, २०७१) ।

### ४.३.१ खरखरे सामुदायिक वन ओगटेको क्षेत्रफल (Area of of Kharkhare Community Forest)

२०१.६ हेक्टर रहेको यस सामुदायिक वनकलो तिरको सिमानाहरूलाई विभिन्न ठाउँहरूले छुट्याइएको छ । पूर्व तर्फ खोला, पश्चिम तर्फ विद्यालय, उत्तरतर्फ बाटो र दक्षिण तर्फ गाउँ रहेको छ (सामुदायिक वन, २०७१) ।

### ४.३.२ खरखरे सामुदायिक वनमा रोजगारीको अवस्था(Employment of Condition of Community Forest)

खरखरे सामुदायिक वनमा रोजगारीको अवस्था हेदा वन उपभोक्ता समूह अन्तर्गत १ जना कार्यालय सचिव र २ जना वन हेरालु रहेका छन् । १ जना पशुरक्षक, १ जना नर्सरी नाइके गरी जम्मा ५ जनालाइ प्रत्यक्ष रोजगारीको अवसर दिइएको छ । यस सामुदायिक वनमा रोजगारीको अवस्था सकारात्मक रहेको छ ।

### ४.३.३ खरखरे सामुदायिक वनका वर्तमान कार्यक्रमहरू (Present Programme of Kharkhare Community Forest)

आर्थिक वर्ष २०७०/७१ सालमा भएका आर्थिक तथा शैक्षिक कार्यक्रमलाई अध्ययन र पुनः विचार गरी निरन्तरता दिने योजना रहेको वन समूहले जनकारी गराएको छ । यसै सन्दर्भमा आर्थिक वर्षका लागि स्थानीय क्षेत्रको आर्थिक, सामाजिक र शैक्षिक विकासमा सामुदायिक वन उपभोक्ता समूहले गर्ने योगदानका लागि तयार गरिएको वर्तमान कार्यक्रमहरू निम्न लिखित तालिमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९**

**खरखरे सामुदायिक वनका वर्तमान कार्यक्रमहरू २०७१**

| क्र.सं. | कार्यक्रमहरू | लगानी रकम रु | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयलाई सहयोग | ३,००,५००/- | २२.६१ |
| २ | सहसलियत दरमा काठदाउरा | ४,६५,८००/- | ३६.०४ |
| ३ | गोवरग्यास आयोजना | १,२५,०००/- | ९.४० |
| ४ | विविध अनुदान | ४,३७,७५०/- | ३२.९३ |
| | **जम्मा** | **१३,२९,०५०/-** | **१००** |

स्रोत : खरखरे सामुदायिक वनको वार्षिक प्रतिवेदन, २०७१ ।

यस सामुदायिक वनले आर्थिक वर्ष २०७०/०७१ मा विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गरिएको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस सामुदायिक वनले शिक्षामा २२.६१ प्रतिशत खर्च गरेको छ । सहुलितय काठदाउरा ३६.०४ प्रतिशत अर्थात् सबैभन्दा बढी यसमा खर्च गरेको छ । गोवरग्यास आयोजनामा, ९.४० र विविध अनुदानमा ३२.९३ प्रतिशत खर्च गरको पाइयो ।

### ४.३.४सामुदायिक वनका भावि कार्यक्रमहरू(Future Programme of Sample Forest)

विगतका वर्षहरूमा जस्तै चालु आर्थिक वर्ष तथा आगमी वर्षहरूमा समेत विगतमा भएका आर्थिक सामाजिक क्षेत्रका कार्यक्रमलाई अध्ययन, मुल्याङ्कन र पुनः विचार गरी निरन्तरता दिने योजना रहेको वन समूहले जानकरी गराएको छ । यसै सन्दर्भमा चालु आर्थिक वर्षमा जस्तै भावी वर्षहरूमा पनि स्थानीय क्षेत्रको विकासको लागि सामुदायिक वन उपभोक्ता समूहले तयार पारेको भावी कार्यक्रमहरू निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**

**खरखरे सामुदायिक वनको भावि कार्यक्रमहरू २०७१**

| क्र.सं. | कार्य विवरण | लगानी रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा खेलकुद | ३,००,५००/- | १९.३१ |
| २ | गोवरग्यास आयोजना | १,४०,०००/- | ३१.८१ |
| ३ | विरुवा वितरण | २५,०००/- | ५.६८ |
| ४ | सिपमूलक तालिम | २५.०००/- | ५.६८ |
| ५ | वृक्षारोपण | १,०००,००/- | २२.७२ |
| ६ | जनचेतनामूलक कार्यक्रम | २५,०००/- | ५.६८ |
| ७ | अन्य | ४०,०००/- | ९.०९ |
| | **जम्मा** | ४,४०,०००/- | १०० |

स्रोत : खरखरे सामुदायिक वनको वार्षिक प्रतिवेदन, २०७१ ।

माथिको तालिकामा यस सामुदायिक वनको भावी कार्यक्रम अन्तर्गत गर्ने खर्चहरू समावेश गरिएको छ । यस वनमा सबैभन्द बढी गोवरग्यास आयोजनामा ३१.८१ प्रतिशत छुट्याइएको छ । त्यसपछि २२.७२ प्रतिशत वृक्षारोपणको लागि, १९.३१ प्रतिशत शिक्षा र खेलकुदमा, त्यसै गरी अन्य कार्यक्रमका लागि ९.०९ प्रतिशत र विरुवा वितरण, जनचेतनामूलक कार्यएक्रम र सीपमस्लक तालिमलाइ बराबर र अर्थात् ५.६८ प्रतिशत छुट्याइएको पाइयो ।

### ४.३.५ खरखरे सामुदायिक वनको आर्थिक अवस्था (Economical Condition of Kharkhare Community Forest)

#### ४.३.५.१ खरखरे सामुदायिक वनको वार्षिक स्रोतगत आम्दानी (Source wise Annual Income of Kharkhare Community Forest)

खरखरे सामुदायिक वनले आफ्नो आयको वार्षिक लेखापरीक्षण गराइ आय व्यय वितरण सार्वजनिक गर्दछ । यस सामुदायिक वन उपभोक्ता समितिमा अति, सक्रिय, सृजनशील र लगनशीलताको कारणले हरेक वर्ष आम्दानीका स्रातहरूको पहिचान गरी

आफ्नो गाउँ विकास, वन विकास, संरक्षण र अग्नि नियन्त्रण गर्नका लागि साखुगोलिया विक्री, निवेदन, दस्तुर, फारम दस्तुर, उपभोक्ता दस्तुर, ट्याक्टर ढुवानी र विविध अन्य स्रोतबाट प्राप्त हुन्छ ।

**तालिका ४.११**

**खरखरे सामुदायिक वनका विभिन्न स्रोतबाट प्राप्त आम्दानी विवरण**

| क्र.सं. | कार्य विवरण | लगानी रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | साखु गोलिया विक्री | ५,७६,०००/- | ३३.१८ |
| २ | कुकाठ गोलिया विक्री | ३,१५,०००/- | १८.१५ |
| ३ | गुड्का दाउरा विक्री | २,५०,०००/- | १४.४० |
| ४ | निवेदन दस्तुर | ५५,०००/- | ३.१६ |
| ५ | फारम दस्तुर | १५,०००/- | ८.६४ |
| ६ | उपभोक्ता दस्तुर | १३,०००/- | ७.४९ |
| ७ | ट्याक्टर ढुवानी | १७,०००/- | ९.७९ |
| ८ | विविध आय | ९०,०००/- | ५.१८ |
|  | **जम्मा** | १७,३६,०००/- | १०० |

स्रोत : खरखरे सामुदायिक वन, २०७१ ।

तालिका ५.११ अनुसार यस खरखरे सामुदायिक वन उपभोक्ता समूहको वार्षिक आम्दानी (आ.ब. २०७०/०७१) को अध्ययनगर्दा यस सामुदायिक वनको आम्दानीको स्रोत अन्तर्गत साखु गोलिया विक्री वापत कुल आम्दनीको ३३.१८ प्रतिशत आय प्राप्त गरको देखियो । त्यसैगरी कु-काठ गोलिया विक्रीबाट कुल आम्दनीको रु. १८.१५ प्रतिशत आम्दानी रहेको छ । गुट्का दाउरा विक्रीबाट १४.४० प्रतिशत आम्दानी भएको देखियो । निवेदन दस्तर वापत ३.१६ प्रतिशत आय भएको छ । त्यसैगरी फारम दस्तुर वापत रु. ८.६४ प्रतिशत ट्याक्टर ढुवानी वापत रु. ७.४९ प्रतिशत र विविध आय अन्तर्गत ५.१८ प्रतिशत आम्दानी भएको विवरण प्राप्त भयो । यस खरखरे वनको विगतका वर्षहरूको आम्दानी हेर्दा यस सामुदायिक वनले प्रत्येक वर्ष आय बढाउँदै गइरहेको देखियो ।उपभोक्ता समितिका अनुसार विगतकावर्षदेखि वनले माथि उल्लेख गरे अनुरूप आय आर्जन गर्दै आएग्को छ (तालिका ५.१) ।

## ४.३.५.२ खरखरे सामुदायिक वनको वार्षिक खर्च विवरण (Yearly Expenditure of Kharkahare Community Forest)

यस सामुदायिक वनको वार्षिक खर्च विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१२**
**खरखरे सामुदायिक वनको वार्षिक खर्च विवरण**

| क्र.सं. | कार्य विवरण | लगानी रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | कर्मचारी तलव | ९५,०००/– | ८.०९ |
| २ | कर्मचारी पोशाक | ६०,०००/– | ५.११ |
| ३ | समिति बैठक पारिश्रमिक | ९६०००/– | ८.१८ |
| ४ | तालिम गोष्ठी | २,०००/– | ०.१७ |
| ५ | वृक्षारोपण | २५,०००/– | २.१३ |
| ६ | सहुलियत काठदाउरा | ४,६५,८००/– | ३९.६९ |
| ७ | गोवरग्यास आयोजना | ७५,०००/– | ३.३९ |
| ८ | विद्यालय सहयोग | ३,००,५००/– | २५.६१ |
| ९ | विविध अनुदान | ५४,०००/– | ४.६० |
| | **जम्मा** | १३,२९,०५०/– | १०० |

स्रोत : खरखरे सामुदायिक वन, वार्षिक प्रतिवेदन २०७१ ।

तालिकामा कर्मचारी तलव अन्तर्गत ८.०९ प्रतिशत छुट्याइएको छ । कर्मचारी पोशाकमा ५.११ प्रतिशत समिति वैठक पारिश्रमिक अन्तर्गत ८.१८ प्रतिशत, त्यसैगरी तालिम गोष्ठीका लागि ०.१७ प्रतिशत, वृक्षारोपणका लागि २.१३ प्रतिशत सहुलियत काठदाउरा अन्तर्गत ३९.६९ प्रतिशत त्यसैगरी गोवरग्यास आयोजनाको लागि २.३९ प्रतिशत विद्यालय सहयोग र विविध अनुदान अन्तर्गत क्रमशः २४.६१ र ४.६० प्रतिशत खर्च छुट्याएको छ ।

